# बार्षिक योजना तर्जुमा
# नीति, कार्यक्रम तथा वजेट पुस्तिका
## आर्थिक वर्ष २०७८।०७९


**प्रकाशक**

## धार्चे गाउँकार्यपालिकाको कार्यालय



माछीखोला, गोरखा

सम्पर्क नं. ९८५१०१९३५३

९८५६०४१४५१

इ-मेल — info@dharchemun.gov.np,

rmdharche@gmail.com

बेबसाइट — www.dharchemun.gov.np

## विषय सूची


खण्ड १: परिचय र समिक्षा ........................................................................ २

१.१ गाउँपालिकाको संक्षिप्त परिचय ................................................................ २

१.२ संघ, प्रदेश तथा अन्य निकायहरुसंग भएका समन्वय, समझदारीहरु तथा तिनका उपलब्धिहरु ........................................................................ ११

१.३ कुल विनियोजित बजेट र समिक्षा अवधि असार मसान्तसम्मको खर्च स्थिति ...... १२

१.४ विषयगत क्षेत्र अनुसार विनियोजित बजेटको खर्च स्थिति(असार मसान्त सम्म) .... १७

१.५ चालु आ.व.मा देखिएका मुख्य समस्या तथा अवरोधहरु................................ १८

खण्ड २:आगामी आ.व.२०७८।०७९ को नीति, बजेट तथा कार्यक्रम....................... १९

२.१ सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरु ............................................. १९

२.२ आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम .................................. २२

२.३. अनुमानित व्यय र श्रोत व्यवस्थापन : .................................................... ५८

खण्ड ३ : वार्षिक विकास कार्यक्रम ( आ.व. २०७८।०७९) ................................ ५९

धार्चे गाउँपालिकाको आर्थिक ऐन,२०७८.............................................................. ९२

धार्चे गाउँपालिकाको विनियोजन ऐन, २०७८......................................................११७

बजेट बक्तब्य– २०७८।०७९ ..........................................................................११९

# खण्ड १: परिचय र समिक्षा

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको उत्तरी पूर्व भागमा यो गाउँपालिका अवस्थित छ । वारपाक सुलीकोट गाउँपालिका र लाप्राक, गुम्दाको शिरमा पर्ने प्रशिद्ध धार्चे लेकको काखमा अवस्थित यो गाउँपालिका जिल्ला सदरमुकाम पोखरी थोक, गोरखा बाट करीब ७२ कि.मी.उत्तर पश्चिममा अवस्थित छ । पूर्व तर्फ धादिङ जिल्ला र चीनको स्वशासित क्षेत्रसंग जोडिएको यो गाउँपालिका दक्षिण तर्फ आरुघाट गाउँपालिका र धादिङ जिल्ला, उत्तरमा चुम्नुम्ब्री गाउँपालिका र पश्चिममा वारपाक सुलीकोट गाउँपालिकासँग सिमाना जोडिएको छ । यो गाउँपालिका राष्ट्रिय गौरवको बुढी गण्डकी जलविद्युत आयोजनाको प्रभावित क्षेत्र तथा मनासलु हिमाल र गणेश हिमाल आरोहण प्रवेशद्वारको रुपमा रहेको छ । साविकका केरौंजा, उहिया, लाप्राक, गुम्दा, काशीगाउँ र लापु गरि ६ वटा गाविस मिलाएर ७ वटा वडामा विभाजित यो गाउँपालिका ६५२ वर्ग किलो मीटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिको केन्द्र वडा नम्वर ५ माछीखोलामा रहेका छ ।

प्रकृति पुजारी आदिवासी जनजातीहरूको वसोवास रहेको यस गाउँपालिकाका बासिन्दाहरुले आफ्नो घरबाट बाहिर कतै प्रस्थान गर्ने बेलामा आफ्नो रक्षा एवं कार्य सिद्धिका लागि खोलानाला एवं डाँडाकाँडाको पूजा गर्ने चलन कायमै छ । यसरी पूजा गर्दा धर्च (कपडाको टुक्रा) ढुगााको देउरालीमा चढाउने वा काठको लट्टीमा बाँधेर गाड्ने प्रचलन रहेको छ । स्थानीय गुरूङ भाषामा ध्वजा (कपडाको सानो टुक्रा) लाई धर्च र डाँडाकाँडालाई गाङ भनिन्छ । बोल्दै जाने क्रममा यही शब्द अपभ्रमित भई धार्चे डाँडा भन्ने प्रचलन रहेको भनाई पाइन्छ । साविकका ६ वटा गाविसहरू समायोजन गरी पुनर्संरचना गरिएको यस गाउँपालिका  यही धार्चे डाँडाको नामबाट नामांकरण गरिएको हो ।

**धार्चे गाउँपालिकामा समावेश साविकका गा.विसहरु**

| हाल कायम भएको वडा | साविक गा.वि.स. | साविकका वडाहरु |
|---|---|---|
| १ | केरौजा | ७,८ र ९ |
| २ | केरौजा | १,२,३,४,५ र ६ |
| ३ | उहिया | १ देखि ९ |
| ४ | लाप्राक | १ देखि ९ |
| ५ | गुम्दा | १ देखि ९ |
| ६ | काशीगाउँ | १ देखि ९ |
| ७ | लापु | १ देखि ९ |

*स्रोत १ गाउँपालिका वेबसाइट, २०७५*

## अवस्थिति तथा क्षेत्रफल

धार्चे गाउँपालिका समुद्रि सतहवाट ६३० मिटर देखि ७३०९ मिटर उचाई सम्म फैलिएको छ । कुल ६५२ वर्ग किलोमिटर फैलिएको यस गा.पा.को भू—भाग मध्ये १५.६२ प्रतिशत २००० मिटर भन्दा कम उचाईमा रहेको छ । यसै गरी २८.१८ प्रतिशत भू-भाग २००० देखि ३००० मिटर उचाई सम्म, २६.६१ प्रतिशत ३००० देखि ४००० मिटर सम्म, १९.७६ प्रतिशत ४००० हजार देखि ५००० उचाई सम्म रहेको छ । करिव ९.८५ प्रतिशत भू-भाग भने ५००० मिटर भन्दा वढि उचाईमा रहेको छ ।

## जनसंख्या र जातिगत विवरण परिवार संख्या, लैङ्गिक अनुपात

गाउँपालिकाद्धरा २०७६ सालमा सकंलित तथ्याङ अनुसार यहाँ जम्मा ३९३२ घर परिवारहरु रहेका छन् भने २०६८ को जनगणना अनुसार भने ३१२८ रहेको थियो । यस अवधिमा ८०४ घरपरिवारहरु थपिएका छन् । वडा २ मा सवैभन्दा वढि ८१२ (२०.६५ प्रतिशत) घरपरिवारहरु रहेको देखिन्छ भने वडा १ मा सवै भन्दा कम अर्थात २३५ (५.९८ प्रतिशत) घरपरिवारहरु वस्ने गरेको देखिन्छ ।

गाउँपालिको कुल जनसंख्या १८,७२४ रहेको छ । वडागत रुपमा वडा ५ मा सवैभन्दा वढि ३६२७ जनाको वसोवास रहेको पाइन्छ भने वडा १ मा सवै भन्दा कम १०९७ जनाको वसोवास रहेको छ । वडागत रुपमा घरपरिवार र जनसंख्याको तुलनात्मक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ । यस अनुसार वडा १ मा ५.८६ प्रतिशत, २ मा १८.०८ प्रतिशत, ३ मा १२.५२ प्रतिशत, ४ मा १६.५९ प्रतिशत, ५ मा १९.३७ प्रतिशत, ६ मा १३.२३ प्रतिशत, ७ मा १४.३४ प्रतिशत रहेको छ । यहाँको कुल क्षेत्रफल ६५२ वर्गा कि. मि. भएको हुदाँ यहाँको जनघनत्व २९ जना प्रति वर्ग कि मि रहेको छ भने राष्ट्रिय औसत १८० को तुलनामा यहाँको जनघनत्व कम हो ।

**जनसंख्याको आकार र जनघनत्व**

| वडा | २०६८ | | २०७६ | |
|---|---|---|---|---|
| | जनसंख्या | जनसंख्याको प्रतिशत | जनसंख्या | जनसंख्याको प्रतिशत |
| १ | ७८३ | ५.९२ | १०९७ | ५.८६ |

| | | | | |
|---|---|---|---|---|
| २ | २४६५ | १८.६३ | ३३८६ | १८.०८ |
| ३ | १८५७ | १४.०४ | २३४४ | १२.५२ |
| ४ | २१६१ | १६.३४ | ३१०७ | १६.५९ |
| ५ | २३०३ | १७.४१ | ३६२७ | १९.३७ |
| ६ | १८३७ | १३.८९ | २४७८ | १३.२३ |
| ७ | १८२३ | १३.७८ | २६८५ | १४.३४ |
| **जम्मा** | १३२२९ | १०० | १८७२४ | १०० |

*स्रोत २ राष्ट्रिय जनगणना-२०६८ र धार्चे घरधुरी सर्भेक्षण-२०७६*

**वडागत रुपमा जनसंख्याको तुलनात्मक अवस्था**

| **वडा** | **२०६८** | | **२०७६** | |
|---|---|---|---|---|
| | **घरपरिवार** | **घरपरिवारको प्रतिशत** | **घरपरिवार** | **घरपरिवारको प्रतिशत** |
| १ | १९२ | ९.०२ | २३५ | ५.९८ |
| २ | ५८१ | २७.३० | ८१२ | २०.६५ |
| ३ | ४२७ | २०.०७ | ५०४ | १२.८२ |
| ४ | ५२९ | २४.८६ | ६०३ | १५.३४ |
| ५ | ५३५ | २५.१४ | ६९२ | १७.६० |
| ६ | ४१४ | १९.४५ | ५४६ | १३.८९ |
| ७ | ४५० | २१.१५ | ५४० | १३.७३ |
| जम्मा | ३१२८ | १४६.९९ | ३९३२ | १००।०० |

*स्रोत ३ राष्ट्रिय जनगणना-२०६८ र धार्चे घरधुरी सर्वेक्षण-२०७६*

जातिगत विवरण

| वडा | गुरुङ | घले | विश्वकर्मा | अन्य |
|---|---|---|---|---|
| १ | १३१ | ८४ | १३ | ७ |
| २ | ६७५ | ६४ | २४ | ० |
| ३ | ३७३ | ६८ | ६३ | ० |
| ४ | ५९० | | १३ | ० |
| ५ | ६९९ | १ | २० | ० |
| ६ | ३१३ | २१५ | १८ | ० |
| ७ | ४९९ | | ४१ | ० |
| जम्मा | ३२८० | ४३२ | १९२ | ७ |
| प्रतिशत | ८३.८४ | ११.०४ | ४.९१ | ०.२१ |

*स्रोत ४ धार्चे घरधुरी सर्वेक्षण,२०७६*

**लैङ्गिक अनुपात**

२०७६ सालको सर्वेक्षण अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १८७२४ मध्ये ९३२३ जना (४९.८० %) पूरुष र ९४०१ जना (५०.२० %) महिला रहेका छन । यस अनुसार लैङ्गिक अनुपात (पूरुष महिला अनुपात) औषतमा १०८.३६ रहेको देखिन्छ । वडा १, ४, ५ र ७ मा पूरुषको संख्या वढि रहेको छ, भने वडा २, ३ र ६ मा महिलाहरुको संख्या वढी रहेको छ ।

**भू—उपयोग स्थिति**

धार्चे गाउँपालिकाको अधिकांश भू—भाग उच्च पहाडी र हिमाली क्षेत्रमा पर्ने हुदाँ यहाँको भिरालोपन समेत उच्च रहेको छ । टोपोग्राफिक नक्सा सर्वे विभागका अनुसार यस गाउँपालिकाको भू—धरातललाई विभाजन गर्दा ५ डिग्री भन्दा कम भिरालोपना भएको २.१० प्रतिशत, ५ देखि १५ डिग्री सम्म भिरालोपना भएको ४.९७ प्रतिशत रहेको छ । सबैभन्दा बढी ४०.८१ प्रतिशत जमिन ३० देखि ४५ डिग्री सम्म भिरालो भएको पाइन्छ । यस्तै ३३.७८ प्रतिशत जमिन ४५देखि ८० डिग्रीसम्म भिरालो भएको पाइन्छ ।

भू वनौटको आधारमा यस धार्चे गाउपालिकामा ९.८३ प्रतिशत भु—भाग मात्र खेति योग्य रहेको पाइन्छ । कुल भ—ुभागको ३६.६७ प्रतिशत वनले ढाकेको देखिन्छ भने २० प्रतिशत घाँसे मैदान, २.५३ प्रतिशत हिंउले ढाकेको क्षेत्र र १ प्रतिशत भन्दा कम क्षेत्र पानी

र पोखरी क्षेत्रले ओगटेको छ । यहाँको ३०.३८ प्रतिशत भु—भाग वाझो जमिन रहेको छ ।

## कृषि क्षेत्र, वन क्षेत्र, चरन क्षेत्र, संरक्षित क्षेत्र

यस गाउँपालिकाको कुल क्षेत्रफल धेरै भए पनि कृषि योग्य भू—भाग ९.८३ प्रतिशत रहेको छ । आफ्नै तथा अन्यको जग्गा प्रयोग गर्ने समेतको संख्याको आधारमा ३२७३ (८३.३५ प्रतिशत) को कृषि योग्य जमिनमा पहुँच रहेको देखिन्छ भने ६५९ घरपरिवार (१६.७५ प्रतिशत ) को कुनै पनि प्रकारको कृषि योग्य जमिनमा पहुँच रहेको छैन । यस गाउँपालिका समुद्री सतह वाट ६३० मिटर देखि ७३०९ मिटर सम्म फैलिएका कारण यहाँ विभिन्न प्रकारको हावा पानी पाईन्छ । गाउँपालिको उच्च क्षेत्र (५००० मिटर भन्दा वढी उचाइमा रहेको क्षेत्रमा टुण्ड्रा हावापानी पाईन्छ । यसै गरि ३३०० मिटर उचाइ देखि ५००० मिटर सम्मको क्षेत्रमा लेकाली हावापानी रहन्छ । उच्च हिमाली र लेकाली क्षेत्रमा सामन्यतय चिसो मौसम रहन्छ भने गृष्म ऋतुमा मौसम १० डिग्री सेल्सियस सम्म पुग्छ । महाभारत श्रृखलाको २००० मिटर देखि ३३०० मिटर उचाइ सम्मको क्षेत्रमा ठण्डा शीतोष्ण हावापानी पाईन्छ । यहाको तापक्रम ० देखि १८ डिग्री सेल्सियसको विच रहन्छ । यस गाउँपालिको तल्लो भेगमा समशितोष्ण हावापानी पाइन्छ भने यो हावा पानी दूई हजार मिटर उचाईमा रहन्छ । यहाको तापक्रम ० देखि २८ डिग्री सेल्सियसको विचमा रहन्छ भने मनसुनको समयमा औसतमा २०० सेन्टिमिटर सम्मको वर्षा हुन्छ र यस क्षेत्र खेतीपातीको लागि उपयुक्त रहन्छ ।

## तालतलैया, नदी, धार्मिक एवं पर्यटकीय क्षेत्र

यस गा.पा.मा अविरल पानी वग्ने १२ वटा खोला तथा नदीहरु रहेको छ भने स—साना पानीका मूलहरु वस्तिका नजिकै रहेका छन् । नदी नियन्त्रण तर्फ माछी खोला, वुढी गण्डकी, नौली खोला आदिको प्रकोप विद्यमान छ भनें अध्ययन विनाको अनियन्त्रित पूर्वाधार विकासले पहिराको समस्या झनझन वढ्दै गएको छ । गा.पा.को तथ्याङ्क अनुसार १६ पोखरीहरु, ११ वटा झरनाहरु छ । यस गाउँ पालिकामा सबै भन्दा बढी अर्थात ३८.९६ प्रतिशत वौद्ध धर्मावलम्बी बस्दछन् । त्यसै गरी दोश्रो ठुलो रुपमा ३४.९९ प्रतिशत हिन्दु धर्म मान्नेहरु रहेका छन् । साथै १३.८५ प्रतिशतले वोन धर्म र १२.१७ प्रतिशत क्रिश्चियन धर्म मान्नेहरु रहेका छन भने ०.०३ प्रतिशतले अन्य धर्म अबलम्बन गर्दै आएका छन् ।

यस गाउँ पालिकामा रहेको पर्यटकिय क्षेत्रहरु तातो पानी कुण्ड (माछी खोला), झाँक्री पुल (इस चाम), धार्चे डाँडा, हिम ताल, एन आर एन मोडेल भिलेज (लाप्राक), क्युलुम्चेत परिदृश्य, धार्चे चिंकार (प्राकृतिक शिवलिङ्ग), ह्यारि हिल (डम्फु डाँडा) लापु वेसि, भि.सि. हिल (रुकाङ डाडा), थमन गुरुङ भि.सि. पार्क (सिङ्ला), सगरमाथा आरोहि पाकर, भुमेकाङ (लाप्राक), क्याण्टी लिभर पुल (यारु खोला), दिदी वहिनी हिल (यारु वगर), गणेश कुण्ड (रुन्चेत), गणेश हिमाल वेश क्याम्प (हुल्चुक), काला पोखरी (रुन्चेत), ताम्लाकोट (केरौजा), खोर्लाकोट (खोर्ला), चुङकाङ भिरकोट (गुम्दा), सातकन्या देवि पोखरी (याम गाँउ), दुध पोखरी (उहिया), रुप्चे ताल (लाप्राक) रहेको छ ।

### पेशा, रोजगारी, गरीवी र गरीवी मापन स्थिति

यस गाउँपालिकाको पेशागत स्थितिलाई हेर्दा यहाका करिब ४०% मानिसहरु कृषि पेशामा निर्भर रहेका छन् । त्यसै गरी करिव २३ प्रतिशत नोकरी तथा मजदुरी गर्दछन भने २१ प्रतिशत विद्यार्थी रहेका छन र करिव ७.५ प्रतिशत बैदेशिक रोजगारी मा निर्भर छन, उद्योगमा करिव ३ं.६ प्रतिशत् आश्रित छन् । त्यसै गरि २ प्रतिशत बेरोजगार रहेका पाइन्छन् भने करिव २ प्रतिशत घरेलु तथा अन्य सेवामा संलग्न छन् । सर्वेक्षण अनुसार १९७ घरपरिवारहरु अति गरिवको रुपमा पहिचान भएका छन् । कुल जनसंख्या मध्ये ८०८ जना अति गरिव सदस्यहरु रहेका छन् भने यो कुल जनसंख्याको ५.१ प्रतिशत हुन आउँछ ।

### शिक्षा, साक्षरता स्थिति, विद्यालयहरु तथा शिक्षण संस्थाहरु र पहुँच स्थिति

गाउँपालिकावाट हालै संकलित विवरण अनुसार १५ वर्ष भन्दा माथि जम्मा १३५२० जना मध्ये ७०.७२ प्रतिशत जनसंख्या साक्षर (पढ्न र लेख्न जान्ने) रहेका छन् । जस मध्ये ६३ प्रतिशत महिला छन् भने ७७ प्रतिशत पुरुष छन् । वडागत आधारमा वडा ३ मा न्यून मात्रामा साक्षर रहेका छन । गाउँपालिको औसत ७०.७२ को तुलनामा यस वडामा ५५.१४ प्रतिशत मात्र साक्षर रहेको देखिन्छ । यसै गरि वडा १, २ र ६ मा समेत गाउँपालिका औसत भन्दा न्यून मात्र साक्षर रहेका छन् ।

यस गाउँपालिकामा ५ वर्ष भन्दा माथिको उमेर समुहमा ९६३१ जनाले औपचारिक शिक्षा लिएको देखिन्छ । यो ५ वर्ष भन्दा माथिको जनसंख्याको ५५.२१ प्रतिशत हो । सवै भन्दा वढिले (६१४६)े आधारभूत तह सम्म अध्ययन गरेको देखिन्छ भने २८३७ जनाले माध्यमिक तहको अध्ययन पुरा गरेका छन् । प्राविधिक एस् एल् सी पुरा गर्ने ३१ जना रहेका छन् भने २९९ जनाले स्नातक र २१ जनाले स्नातकोत्तर सम्मको अध्ययन पुरा गरेका देखिन्छ । कुल २७ ओटा विद्यालय रहेको यस गाउँपालिका मा १ वटा निजी र अन्य सम्पूर्ण सरकारी एवं संस्थागत विद्यालयहरु रहेका छन्। वडा स्तरको बर्गिकरण हेर्दा वडा नम्बर १ मा २ वटा, २ ,३,४,५,६,७ मा क्रमश ४,५,२,४,३ र ६ वटा सरकारी एवं संस्थागत बिद्यालय अवस्थित छन् भने वडा नम्वर ४ मा मात्र १ वटा निजी बिद्यालय रहेको छ । यस गाउँपालिकामा करिव ६२ प्रतिशत घरको १ कि मि भित्र प्राथमिक विद्यालय पुग्न सकिने अवस्था रहेको छ । यसै गरि अर्को २० प्रतिशत घरको २ कि मि भित्र, ९ प्रतिशत घरको ३ कि मि भित्र र बाँकी ९ प्रतिशतले ३ कि मि भन्दा वढी यात्रा तय गर्नु पर्ने अवस्था छ । यसै गरि माध्यमिक विद्यालयका हकमा दुई तिहाईले २ कि मि भित्र, अर्को १५ प्रतिशतले ४ कि. मि. भित्र र बाँकी २२ प्रतिशतले ४ घन्टा भन्दा बढी हिंडनु पर्ने देखिन्छ ।

### स्वास्थ्य, स्वास्थ सेवा संस्थाहरु, स्वास्थ्य सेवामा पहुँचको स्थिति

स्वास्थ्यको पहुच हेर्दा यस गाउँपालिकामा जम्मा १२ वटा क्लिनिकहरु रहेका छन् भने १९ वटा खोप केन्द्र छन् । यसै गरि ३ वटा स्वास्थ्य केनद्र र १ सामुदायिक स्वास्थ्य केन्द्र रहेका छन । करिव १५ प्रतिशत घरले मात्र १ कि मि भित्र सामुदायिक स्वास्थ्य सस्थामा पुग्न सक्ने अवस्था रहेको छ । यसै गरि अर्को ९ प्रतिशत घरले २ कि मि भित्र, ३० प्रतिशत घरले ३ कि मि भित्र र वाकि करिव ४६ प्रतिशत घरले ३ कि मि भन्दा वढि हिडनु पर्ने देखिन्छ । पहुँच सम्वन्धि विवरण चित्र ६.५ मा प्रस्तुत गरिएको छ । कुल स्वास्थ्यकर्मी २८ जना कार्यरत छन् भने ७ जना को दरबन्दी रहेको मध्ये जम्मा ६ जना हेल्थ असिस्टेन्टहरु यहाँ कार्यरत छन् ।

### खानेपानी तथा सरसफाई स्थिति, पहुँच तथा चर्पी प्रयोग

पाइपवाट वितरण पानी यहाँको खाने पानीको मुख्य स्रोतको रुपमा रहेको छ । यस गाउँपालिकामा ९६.७७% घर परिवार पाईप मार्फत बितरित् पानी पिउछन । जस मध्ये

८१.६७ प्रतिशत घरधुरी सार्बजनिक धाराबाट पानी पिउँछन, भने १५.१०% घर परिवारको आफनै घर परिसरमा धारा जडित छन । वडा स्तरमा खाने पानीको पहुँच हेर्दा वडा नम्बर १ ,३, ५, ६ का परिवारहरुमा पाईप मार्फत बितरित पानीको सुविधा लगभग शत प्रतिशत रहेको छ भने वडा २, ४ र ७ मा क्रमश ९८ %, ८६% र ९५%रहेको देखिन्छ । वडा अनुसार पानीको पहुँचको अवस्था छ ।

सरसफाईतर्फ यस गाउँपालिका खुला दिशा मुक्त भईसकेको अवस्था छ । यहाँ ७४.९२ प्रतिशत घर परिवारले सेफ्टी टंकी सहित को शौचालय प्रयोग गर्ने गरेका छन् भने १७.५७ प्रतिशतले खाल्डे चर्पी को प्रयोग गरि रहेका छन् । यहा ७ प्रतिशत घर परिवारसंग चर्पी नभएको तथ्याङ्कले देखाउदछ । कुल चर्पी नभएको परिवार मध्ये सबै भन्दा बढी वडा नम्बर ४ मा (३६५ घरपरिवार) छ भने वार्ड नम्बर १ मा १९ परिवार संग चर्पीको पहुच छैन ।

**उद्योग व्यवसाय कृषि, पशु सेवा, पोषण, खाद्य निर्भरता**

गाउँपालिकामा उद्योग को स्थिति हेर्दा जम्मा ४४ वटा लघु एबं घरेलु उद्योग रहेका पाइन्छ भने साना जल विद्युत १३ , जल विद्युत ३ र मध्यम जल विद्युत १ वटा रहेका छन् । उत्पादन को आधार मा हेर्दा खाद्यान्न, जल विद्युत, फर्निचर र फलामे उद्योग रहेका छन् । यस हिसावले उत्पादनशिल उद्योगको संख्या नगन्य रहेको छ । यस गाउँपालिका वाट संकलित तथ्याङ्क अनुसार यहाँ ७५ वटा होटेल वा लज् रहेका देखिन्छन् । करिव १५ वटा होमस्टेहरु रहेका छन् भने सहकारीको सङ्ख्या ७ वटा छन् ।

यस गाउँपालिकाको कुल क्षेत्रफल धेरै भएपनि कृषि योग्य भू—भाग ९.८३ प्रतिशत रहेको छ । आफनै तथा अन्यको जग्गा प्रयोग गर्ने समेतको संख्याको आधारमा ३२७३ (८३.३५ प्रतिशत) को कृषि योग्य जमिनमा पहुँच रहेको देखिन्छ भने ६५९ घरपरिवार (१६.७५ प्रतिशत ) को कुनै पनि प्रकारको कृषि योग्य जमिनमा पहुँच रहेको छैन । कृषि यहाँको मुख्य पेशाको रुपमा रहेको छ । आलु, मकै, कोदो, जौ, गहुँ , सिलाम यहाँका प्रमुख खाध्यान्न वालिहरु रहेका छन् । दलहन तर्फ भट्मास, सिमी आदि यहाँ उत्पादन हुने गर्दछ । हरियो तरकारी तर्फ प्याज, वन्दा, खुर्सानी, अदुवा, काँक्रा,े गोलभेंडा आदि उत्पादन हुन्छ । फल फुल तर्फ सुन्तला यहाँको उत्पादन हो । वन लसुन र यार्चा यहाँको उच्च मुल्यका सकलन हुने जडिवुट्टि हुन् ।

यहाँ ५७ प्रतिशत धरधुरीले मकै उत्पादन गर्दछन् । धार्चेमा गत वर्ष कुल ४४४.१४ मे.ट. मकै उत्पादन गरि १२३ मे. ट. विक्री गरेको देखिन्छ । करिव ५२ प्रतिशत घर परिवार कोदो उत्पादनमा सम्लग्न रहको र गत वर्ष करीव ३२५ मे. ट. कोदो यहाँ उत्पादन भएको देखिन्छ । ४१ प्रतिशत घर परिवारले आलु खेति गरेका छन्। गत वर्ष ३९८ मे. ट. आलु उत्पादन भएको पाइन्छ । यसै गरि गँहु, जौ र भटमास क्रमशः २६, १४ र १८ प्रतिशत घरपरिवारले उत्पादन गर्ने देखिन्छ भने यी वस्तुहरु क्रमशः १४४, ६३ र ४० मे ट. उत्पादन भएको देखिन्छ । धान उत्पादनमा करिव २ प्रतिशत घर परिवार संलग्न रहेका र यहाँ १३ मे. ट. जति धान गत वर्ष उत्पादन भएको देखिन्छ । यसै गरि सिमी ६ प्रतिशत, सिलाम ४ प्रतिशत, तोरी १ प्रतिशत परिवारले उत्पादन गरेको देखिन्छ । हरियो तरकारी तर्फ करिव १ प्रतिशत घरपरिवार मात्र सलग्न रहेको देखिन्छ जसमा वन्दा ५ मे. ट जति उत्पादन भएको छ भने अन्य तरकारी न्यून मात्रामा उत्पादन भएको अवस्था छ भने वन लसुन को उत्पादन १००० किलो रहेको छ ।

यहाँ विभिन्न खाद्यान्न उत्पादनहरु भए पनि अधिकांश उत्पादन परम्परागत प्रणाली र आफ्नो खपतको लागि मात्र भएको देखिन्छ । फलस्वरुप कम घरपरिवारले मात्र आफनो उपज विक्रि गर्ने गरेको देखिन्छ । जस्तो, उत्पादन र बिक्रिको अनुपात हेर्दा मकै को उत्पादन ४४४. १४ मेट्रिक टन  छ भने बिक्रि करिब एक चौथाई (१२३. २०) मेट्रिक टन देखिन्छ । तुलनात्मक हिसाब ले हेर्दा भटमास को उत्पादन र बिक्रिको फरक कम देखिन्छ जुन क्रमश ३९. ८५ र २९. ९७ मेट्रिक टन रहेको छ । त्यसै गरि सिमि को उत्पादन र बिक्री क्रमश ३४. ४५ र २०. ८७ मेट्रिक टन देखिन्छ ।

पशुपालन तर्फ ४९ प्रतिशत घरपरिवारहरु पशुपालन मार्फत जीविकोपार्जन गरि रहेका छन् । जस मध्ये करिब २९% घरपरिवारहरु गाई तथा भैंसी पालन, बाख्रा तथा भेडा पालनमा ३३.०५%, कुखुरा पालनमा ८%, घोडा खच्चड पालनमा २ % र २ % जतिनै सुगुर पालनमा आवद्ध रहेका छन् ।  केवल ०.८ प्रतिशत अर्थात ३४ घर परिवारले मौरी पालन अंगालेको देखिन्छ । गत बर्षका आम्दानीको स्थिति हेर्दा सबै भन्दा बढी आम्दानी बाख्रा तथा भेडा पालन बाट हुने गरेको पाइन्छ ।  यस बाट गत वर्ष १.३५ करोड आम्दानी भएको देखिन्छ । सोहि समयमा घोडा खच्चड बाट १.२५ करोड को आम्दानी भएको छ । गाई , भैंसी र मौरी पालन बाट क्रमश ४२. ०७ लाख , ३२. ६८ लाख र

३३. ९७ हजार आम्दानी रहेको छ । सुँगुर पालनमा २.४१ प्रतिशत कृषक आवद्ध छन् भने यस बाट १०.७५ लाख को वार्षिक आम्दानी हुने गरेको देखिन्छ ।

यस गाउँपालिकाको अधिकाश परिवारहरु कृषिमा सलग्न रहे पनि कृषि तथा पशुपालन उत्पादनको हिसावले आत्मनिर्भर रहेको छैनन । करीव १० प्रतिशत मात्र भुमाग खेति योग्य रहेको तथा पराम्परागत विधि र वालिहरुको अभ्यासको कारण यहाँ उत्पादित उपजले अधिकास परिवारलाई केहि महिना मात्र धान्ने अवस्था छ। जस्तो, जम्मा २२ % घर परिवारहरुलाई मात्र उनिहरुको उत्पादनले १० महिना भन्दा बढी खान पुग्दछ । त्यसै गरि आफ्नो उत्पादनले ७ महिना देखि ९ महिना सम्म खान पुग्नेको अनुपात १५ प्रतिशत रहेको छ । ६ महिना भन्दा कम तर ४ महिना भन्दा बढी खान पुग्नेको अनुपात सबै भन्दा बढी (३५%) छ भने केवल ३ महिना मात्रै खान पुग्नेहरुको संख्या २८ प्रतिशत रहेको छ ।

## १.२ संघ, प्रदेश तथा अन्य निकायहरुसंग भएका समन्वय, समझदारीहरु तथा तिनका उपलब्धिहरु

| क्र.सं. | संघ | प्रदेश | अन्य निकायहरुसंग |
|---|---|---|---|
| १ | दुङ्ला सडक निर्माण,<br>हुल्चुक गोरेटो बाटो निर्माण,<br>धार्चे आमा समूह भवन निर्माण,<br>केरौंजा युवा क्लब भवन निर्माण,<br>मञ्जुश्री मा.वि. घेराबार निर्माण । | तमु क्वोइवु भवन निर्माण, लाप्राक | डि.एफ.आइडी/मोटम्याकडोनाल्ड, जि.एन.आइ, लेजामि द लाप्राक, यु.एन.डि.पी, छायाँ नेपाल आदि निकायहरुसंगको सहकार्यमा विभिन्न कार्यक्रम संञ्चालन भइरहेको तथा सम्पन्न गरिएको। |

## १.३ कुल विनियोजित बजेट र समिक्षा अवधि असार मसान्तसम्मको खर्च स्थिति

| *मिति २०७७ श्रावण १ गते देखि २०७८ असार ३१ गते सम्मको आय विवरण* | | | |
|---|---|---|---|
| **शीर्षक** | **प्रस्तावित आय** | **वास्तविक आय** | **मौज्दात** |
| संघीय सरकार | २५,८७,१९,८१० | २२,९७,१९,८१० | २,९०,००,००० |
| १३३११ समानिकरण अनुदान | ९,०४,००,००० | ९,०४,००,००० | ० |
| १३३१२ शसर्त अनुदान चालु | १३,९३,१९,८१० | १३,९३,१९,८१० | ० |
| १३३१४ विषेश अनुदान चालु | ५०,००,००० | ० | ५०,००,००० |
| १३३१६ समपुरक अनुदान चालु | २,४०,००,००० | ० | २,४०,००,००० |
| प्रदेश सरकार | २,८२,२३,००० | २,६७,२३,००० | १५,००,००० |
| १३३११ समानिकरण अनुदान | १,२२,८१,००० | १,२२,८१,००० | ० |
| १३३१२ शसर्त अनुदान चालु | ३९,४२,००० | ३९,४२,००० | ० |
| १३३१६ समपुरक अनुदान चालु | १,२०,००,००० | १,०५,००,००० | १५,००,००० |
| राजस्व बाडफाड | ७,७६,९८,२१० | ६,४५,२१,३६०.१४ | १,३१,७६,८४९.८६ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३,००,००० | ४,६३,३७०.४० | (१,६३,३७०.४०) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,४७,८०,२१० | ६,०१,२२,८१३.७४ | १,४६,५७,३९६.२६ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २६,१८,००० | ३९,३५,१७६ | (१३,१७,१७६) |
| अन्तरिक श्रोत | ६,०८,७५,५०० | २१,०७,८२२ | ५,८७,६७,६७८ |
| ११३१४ भुमिकर/मालपोत | ८,००,००० | ८,४१,३१२ | -४१,३१२ |
| ११३२१ घरवहाल कर | १,००,००० | ८१,४१२ | १८,५८८ |
| ११३२२ वहाल विटौरी कर | ५०,००० | ० | ५०,००० |
| ११६९१ अन्य कर | २०,००० | ० | २०,००० |
| १४२२१ न्यायिक दस्तूर | १०,००० | ० | १०,००० |

| | | | |
|---|---|---|---|
| १४२२४ परीक्षा शुल्क | १,८०,५०० | १,७१,२०० | ९,३०० |
| १४२४१ पार्किङ्ग शुल्क | १०,००० | ० | १०,००० |
| १४२४२ नक्सापास दस्तुर | ५०,००० | ० | ५०,००० |
| १४२४३ सिफारिश दस्तुर | ३,००,००० | ५२,५०० | २,४७,५०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४,००,००० | १,०५,६०० | २,९४,४०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २०,००० | १३,६९५ | ६,३०५ |
| १४२४९ अन्य दस्तुर | १०,००० | ७७,८१५ | -६७,८१५ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,००,००० | १,७५,२५० | -७५,२५० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १०,००० | २,००० | ८,००० |
| १४५२९ अन्य राजस्व | ३,००,००० | ५,५७,०९० | (२,५७,०९०) |
| १५१११ बेरूजू | २,५०,००० | २९,९४८ | २,२०,०५२ |
| ३२१२२ बैंक मौज्दात | ५,८२,६५,००० | ० | ५,८२,६५,००० |
| **जम्मा** | **४२,५५,१६,५२०** | **३२,३०,७१,९९२.१४** | **१०,२४,४४,५२७.८६** |

| *मिति २०७७ श्रावण १ गते देखि २०७८ असार ३१ गते सम्मको व्यय विवरण* | | | |
|---|---|---|---|
| **शीर्षक** | **बार्षिक बजेट** | **खर्च** | **खर्च(%)** |
| **चालु** | **२५,४५,८६,८३५.५६** | **१९,११,३४,७८८.९१** | **७५.०८** |
| २११११ पारिश्रमिक कर्मचारी | ९,०५,०६,७६४ | ६,७५,७८,४७८.७७ | ७४.६७ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ६०,००,००० | ५६,०४,५०० | ९३.४१ |
| २११२१ पोशाक | १५,८२,००० | ७,५७,२०० | ४७.८६ |
| २११३१ स्थानीय भत्ता | ४९,३१,००० | १२,७६,३५२ | २५.८८ |
| २११३२ महंगी भत्ता | १८,००,००० | ८,२४,८०३ | ४५.८२ |
| २११३३ फिल्ड भत्ता | ७०,००० | ० | ० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ३,००,००० | ३,००,००० | १०० |

| | | | |
|---|---|---|---|
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,००,००० | १,००,००० | १०० |
| २११३९ अन्य भत्ता | ६,५०,००० | ५,४०,३०० | ८३.१२ |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३,००,००० | ३,००,००० | १०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,०२,१०,००० | ८६,७१,२३८ | ८४.९३ |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २०,००,००० | ५,१०,९४१.५४ | २५.५५ |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | २,००,००० | ० | ० |
| २१२१४ कर्मचारी कल्याण कोष | १०,००,००० | १,००,००० | १० |
| २२१११ पानी तथा बिजुली | १,५०,००० | ४८,६४४ | ३२.४३ |
| २२११२ संचार महसुल | १३,२७,००० | ४,२८,०३० | ३२.२६ |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | १,००,००० | ० | ० |
| २२२११ इन्धन (पदाधिकारी) | ४,००,००० | ३,०७,३४३.५० | ७६.८४ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४,००,००० | ७२,६६४ | १८.१७ |
| २२२१३ सवारी साधन मर्मत खर्च | १२,००,००० | ९,५१,२८०.८२ | ७९.२७ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ४,००,००० | १,७४,०११.६० | ४३.५ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,००,००० | १,८०० | ०.६ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५१,५८,००० | ४८,४८,३८८.२० | ९४ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | २६,६७,००० | २६,६७,००० | १०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,५०,००० | ११,३५० | ७.५७ |

| | | | |
|---|---|---|---|
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२,१४,२८१.७१ | २२,०७,९९२.४८ | ९९.७२ |
| २२४११ सेवा र परामर्श खर्च | १,०३,००० | ५९,२२० | ५७.५ |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १०,००,००० | ६,८६,५८८ | ६८.६६ |
| २२४१३ करार सेवा शुल्क | ९४,००,००० | ६७,००,४८६.३३ | ७१.२८ |
| २२५११ कर्मचारी तालिम खर्च | १०,००,००० | १,३८,२४० | १३.८२ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ७१,४१,१०७.१८ | २१,९५,५१७.५३ | ३०.७४ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | २०,३६,५५४.२२ | १३,६९,७८०.३० | ६७.२६ |
| २२५२२ कार्यक्रम खर्च | ३,१२,४१,६८९.५३ | २,२५,४१,५९१.२१ | ७२.१५ |
| २२५२९ विविध कार्यक्रम खर्च | २,५०,००० | २,००,००० | ८० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ५२,४२,००० | ४८,८१,०१५ | ९३.११ |
| २२६१२ भ्रमण खर्च | ३,००,००० | ६३,२०० | २१.०७ |
| २२७११ विविध खर्च | २,३५,५७,४३८.९२ | १,९८,२२,५११.१८ | ८४.१५ |
| २२७२१ सभा सञ्चालन खर्च | ८,००,००० | ७,९९,१८५ | ९९.९ |
| २५१११ गैर वित्तीय संस्थानहरूलाई चालु सहायता | १,२६,३७,००० | १,०२,९८,०१८.९९ | ८१.४८ |
| २५११२ गैर वित्तीय संस्थानहरूलाई पूँजीगत सहायता | ५२,००,००० | ५१,९५,८९३.८६ | ९९.९२ |
| २५३१५ अन्य सस्था सहायता | १३,००,००० | १२,५१,८४२.२० | ९६.३ |
| २७२११ छात्रवृत्ति | ४३,४२,००० | ३१,९१,६०० | ७३.५१ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ८०,००,००० | ८०,००,००० | १०० |
| २७२१३ औषधीखरिद खर्च | ३९,२०,००० | ३७,९६,३१२ | ९६.८४ |

| | | | |
|---|---|---|---|
| २७२१९ अन्य सामाजिक सहायता | ८,००,००० | ४५,००० | ५.६३ |
| २८१४२ घरभाडा | १५,००,००० | १०,३६,५५० | ६९.०९ |
| २८१४९ अन्य भाडा | ७,००,००० | ५,७९,९१९.४० | ८२.८५ |
| **पूंजीगत** | **१७,०९,२९,६८४.४४** | **७,६८,८९,५५४.१२** | **४४.९८** |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ६०,००,००० | ८,९९,२२८ | १४.९९ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ८,६४,४२,००० | २,९०,६५,७७९.७९ | ३३.६१ |
| ३११२१ सवारी साधन | १२,००,००० | ११,३२,००० | ९४.३३ |
| ३११२२ मेशिनरी तथा औजार | ३१,३४,००० | २९,८५,८६४.७० | ९५.२७ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १६,३२,००० | १५,८९,९९९.८५ | ९७.४३ |
| ३११५१ सडक तथा पूल निर्माण | ५७,५५,७८६.३० | ४८,४१,५५६.७८ | ८४.१२ |
| ३११५३ विद्युत संरचना निर्माण | ५,००,००० | ४,८०,००० | ९६ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४,९७,०६०.३७ | ४,१७,१५३.६८ | ८३.९२ |
| ३११५५ सिंचाई संरचना निर्माण | ८,००,००० | ७,०८,७४७.४० | ८८.५९ |
| ३११५६ खानेपानी संरचना निर्माण | ६३,००,००० | १०,९२,६०२.५८ | १७.३४ |
| ३११५७ वन तथा वातावरण संरक्षण | ३,९७,३१७.२७ | ३,६६,०४३ | ९२.१३ |
| ३११५८ सरसफाई संरचना निर्माण | १८,६३,११२.४१ | १७,२०,७६९.४१ | ९२.३६ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ५,१७,६५,२८९.९० | २,८७,१२,८०८.४५ | ५५.४७ |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ४६,४३,११८.१९ | २८,७७,०००.४८ | ६१.९६ |
| **जम्मा** | **४२,५५,१६,५२०** | **२६,८०,२४,३४३.०३** | **६२.९८** |

## १.४ विषयगत क्षेत्र अनुसार विनियोजित बजेटको खर्च स्थिति(असार मसान्त सम्म)

| आ.व. : २०७७/७८ महिना : सबै अवधी : २०७७/०४/०१-२०७८/०३/३१ | | | | |
|---|---|---|---|---|
| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| **क** | **आर्थिक विकास** | **२,६७,४६,५७७.३२** | **१,८७,४६,६७६.४०** | **७०.०९** |
| १ | कृषि | १,४८,४३,६०२.१७ | १,१०,५९,४३३.५९ | ७४.५१ |
| २ | उद्योग | ३०,००,००० | २०,८९,३६५ | ६९.६५ |
| ३ | पर्यटन | ४८,०८,५४२.१८ | २३,२२,०५०.९८ | ४८.२९ |
| ४ | जलश्रोत तथा सिंचाई | १०,००,००० | ९,०७,५९७.९३ | ९०.७६ |
| ५ | पशुपन्छी विकास | ३०,९४,४३२.९७ | २३,६८,२२८.९० | ७६.५३ |
| **ख** | **सामाजिक विकास** | **१२,५८,५५,५७५.०८** | **९,९१,५३,९८१.३१** | **७८.७८** |
| १ | शिक्षा | ७,६०,४५,४३३.९८ | ७,०७,६२,८५७.७९ | ९३.०५ |
| २ | स्वास्थ्य | ३,८१,६६,५२५.६८ | २,३६,४६,९३९.२९ | ६१.९६ |
| ३ | खानेपानी तथा सरसफाई | ६३,००,००० | १०,९२,६०२.५८ | १७.३४ |
| ४ | भाषा तथा संस्कृति | १,००,२८१.७१ | ९८,८७५ | ९८.६ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १५,१६,२६५.५४ | ३,९६,१८९.१५ | २६.१३ |
| ६ | युवा तथा खेलकुद | ४,९७,०६८.१७ | ३,९६,४७७ | ७९.७६ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३२,३०,००० | २७,६०,०४०.५० | ८५.४५ |
| **ग** | **पूर्वाधार विकास** | **१४,७६,६०,६२९.९०** | **६,२७,७८,५१६.७६** | **४२.५२** |
| १ | यातयात पूर्वाधार | १,६६,२२,०७५.१९ | १,४०,३८,५६४.०३ | ८४.४६ |
| २ | भवन, आवास तथा सहरी विकास | १०,४४,४५,११२.५८ | ३,५३,७५,१९०.५१ | ३३.८६ |
| ३ | उर्जा | ८,००,००० | ७,८०,००० | ९७.५ |
| ४ | सम्पदा पूर्वाधार | २,५७,९३,४४२.१३ | १,२५,८४,७६२.२२ | ४८.७९ |
| **घ** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **१,५४,६४,२८३.७०** | **९८,२७,९५९.५९** | **६३.५५** |
| १ | बन | १,९७,३१७.२७ | १,८७,५९० | ९५.०७ |
| २ | वातावरण तथा जलवायु | ७,९४,३२५.९१ | ६,८५,३५३.६८ | ८६.२८ |

| | | | | |
|---|---|---|---|---|
| ३ | विपद व्यवस्थापन | ३,५७,००० | ० | ० |
| ४ | मानब संशाधन विकास | १,७७,८१९.५१ | ७४,८८५ | ४२.११ |
| ५ | शान्ति तथा सुव्यवस्था | ३२,००,००० | २९,५३,८३१.२९ | ९२.३१ |
| ६ | कानुन तथा न्याय | ४,००,००० | ३,४९,९५० | ८७.४९ |
| ७ | शासन प्रणाली | ८४,८२१.०१ | ८१,९५० | ९६.६२ |
| ८ | तथ्यांक प्रणाली | २,०३,००० | १,२९,०७० | ६३.५८ |
| ९ | श्रम तथा रोजगारी | ९४,७०,००० | ४८,८६,३१४.६२ | ५१.६ |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ३,००,००० | २,९९,६०० | ९९.८७ |
| ११ | प्रशासकीय सुशासन | २,८०,००० | १,७९,४१५ | ६४.०८ |
| **ङ** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१०,९७,८९,४५४** | **७,७५,१७,२०८.९७** | **७०.६१** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,९७,८९,४५४ | ७,७५,१७,२०८.९७ | ७०.६१ |
| **कुल जम्मा** | | **४२,५५,१६,५२०** | **२६,८०,२४,३४३.०३** | **६२.९८** |

## १.५ चालु आ.व.मा देखिएका मुख्य समस्या तथा अवरोधहरु

क) समयमै संघ सरकारवाट नमुना कानुन तथा नीतिहरु उपलव्ध गराउन नसक्नु, तिनवटै सरकार बीचमा आवश्यक समन्वय तथा सहकार्यको कमी ।

ख) कोभिड १९ को महामारीबाट सिर्जीत बन्दाबन्दीको प्रत्यक्ष प्रभाव योजना कार्यान्वयनको मुख्य समयमा पर्दा सम्पूर्ण कार्यक्रमहरु कार्यान्वयन हुन नसक्नु ।

ग) संघ, प्रदेश र स्थानीय सरकार विच तथा स्थानीय सरकार संञ्चालन ऐनमा रहेको क्षेत्राधिकारमा अन्योलता हुनु ।

घ) स्रोत विनियोजनको मापदण्ड भूगोललगायत अन्य पूर्वाधारलाई मान्नुपर्ने साथै समयमै स्थानीय सरकारलाई स्रोत उपलव्ध नहुनु ।

ङ) उपभोक्ता समितिहरुको क्षमतामा कमी, राजनीतिक प्रतिसोध तथा समन्वयको अभावले योजना संञ्चालन तथा कार्यन्वयनमा समस्या ।

च) दिगो विद्युतीकरण, सूचना तथा संञ्चार माध्यमको अभाव ।

# खण्ड २ : आगामी आ.व.२०७८।०७९ को नीति, बजेट तथा कार्यक्रम

## २.१ सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरु

**<u>सोचः</u>**"सुन्दर, सुरक्षित, समृद्ध धार्चे"

**<u>दीर्घकालीन सोचको व्याख्याः</u>**

**सुन्दरः** प्राकृतिक श्रोतको दिगो उपयोग, वातावरण मैत्री विकास, प्रदुषण मुक्त, हराभरा, सांस्कृतिक मूल्य रमान्यता ।

**सुरक्षितः** विपद् प्रतिरोधी आवास र पुर्वाधार विकास भएको, विपद् जोखिम न्यूनीकरण भएको, आधारभूत स्वास्थ्य, शिक्षा र खाद्य सुरक्षा सुनिश्चित भएको, शान्ति सुरक्षा प्रभावकारी भएको, सबै प्रकारका विभेद र द्वन्द्वको अन्त्य भएको।

**समृद्धः** १) आय वृद्धि भई समतामूलक वितरण भएको ।

२) मानव विकास सूचकांकमा उल्लेख्य वृद्धि भएको ।

३) रोजगारका अवसरहरु विस्तार भएको ।

४) दिगो विकास तथा आवधिक योजनाका लक्ष्य प्राप्त भएको ।

**<u>लक्ष्य</u>**

प्राकृतिक श्रोतको दिगो उपयोग, कृषिको व्यवसायिकरण, वातावरण मैत्री पूर्वाधार विकास, परम्परागत लोकसँस्कृतिको संरक्षण र पर्यापर्यटनको सम्बर्द्धन गर्दै समष्टिगत सामाजिक तथा आर्थिक विकासद्वारा नागरिकको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

**<u>उद्देश्यहरु:</u>**

१) व्यवसायिक कृषि तथा पशुपालन, पर्यटन र उद्योग व्यवसायका माध्यमबाट रोजगारी र आयमावृद्धि गर्नु,

२) आधारभूत स्वास्थ र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्नु

३) वातावरणमैत्री दिगो भौतिक पूर्वाधारको विकास गर्नु,

४) प्राकृतिक श्रोत र साधनहरुको दिगो उपयोग गर्नु,

५) संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह हुनु,

**अपेक्षित उपलब्धिहरु (प्रतिफल)**

| आवधिक योजनाको समष्टिगत लक्ष्य | सूचक | इकाई | आधाररेखा आ.व. ०७५-७६ सम्मको अवस्था | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | | ०७८।०७९ | ०८०।०८१ |
| | मानव विकास सूचकाङ्क | सूचकांक | ०.५७४ | ०.६०० | ०.६२४ |
| | आर्थिक वृद्धि | प्रतिशत | ७.०६ | ९.५ | ९.५ |
| | कुल गार्हस्थ्य उत्पादन | रु अर्ब | १.५९ | २.०८ | २.५० |
| | प्रतिव्यक्ति वार्षिक आय | रु हजार | ८४ | १०४ | १२० |
| | आफ्नो उत्पादनबाट वर्षभरि खान पुग्ने परिवार | प्रतिशत | २२ | २५ | ३५ |
| | कृषि क्षेत्रमा संलग्न घर परिवार (कृषि र पशुपन्छी | प्रतिशत | ८३ | ७८ | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| | पालन) | | | | |
| | आम्दानीको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ७८ | ७० | ६५ |
| | मापदण्डअनुसार बनेका आवास घर | प्रतिशत | ७० | ८५ | ९० |
| | बाह्रै महिना संचालन हुने सडक | किमि | १५ | ३० | ६० |
| | रुख विरुवाले ढाकेको क्षेत्र | प्रतिशत | ३७ | ४० | ४५ |
| | बेरोजगारी | प्रतिशत | २.२४ | २ | १ |
| | व्यवसायिकरप्राविधिक सीपयुक्त जनशक्ति | संख्या | ३७६ | ५०० | १,००० |
| | बैदेशिक रोजगारीमा गएकाको संख्या | प्रतिशत | ७.८ | ६ | ५ |
| | काम गर्ने उमेर समूहमध्ये | प्रतिशत | ९७ | ९८ | १०० |
| | पाइपबाट खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | २१.३२ | १८ | १३ |
| *राष्ट्रिय आँकडामा आधारित ।<br>**प्रदेशको आर्थिक वृद्धिलाई आधार मानिएको । | | | | | |

## २.२ आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम

### क) सम्बोधन

उपस्थित सम्मानित उपाध्यक्ष ज्यू,
गाउँसभा सदस्यज्यूहरु,
राष्ट्र सेबक कर्मचारीहरु,

१) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड—१९) को पहिलो लहरको संक्रमणले मानव सभ्यता र मानव जातिमाथि परेको अकल्पनीय संकटसँग जुधिरहँदा अझै संक्रामक, घातक नयाँ प्रकारको दोस्रो लहरको कोरोना भाइरस (कोभिड—१९) संक्रमणले मानवीय जनस्वास्थ्यमा परेको गहिरो, अतुलनीय क्षतिका साथै यसैको कारणले चौतर्फी पर्न गएको नकारात्मक प्रभावसँग जुधिरहेको छ । यस महामारी विरुद्ध धार्चे गाउँपालिका (स्थानीय सरकार) आफ्नो सम्पूर्ण क्षमता, स्रोत र साधनका साथ जुटिरहेको यस कठिन परिस्थितिमा धार्चे गाउँपालिकाको दशौं गाउँ सभामा आ.व.०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

२) प्रस्तुत नीति कार्यक्रमले कोरोना भाइरस (कोभिड—१९) बाट धार्चे गाउँपालिकाबासीको जीवन रक्षा गर्नको लागि संघ, प्रदेशसँगको सहकार्यमा कोरोना भाइरसको खोप व्यवस्था गर्नु र सम्भावित तेस्रो लहरसँग जुध्न तयारी हुँदै यस महामारीबाट शिथिल भएको आर्थिक, सामाजिक लगायतका सम्पूर्ण क्षेत्रलाई चलायमान वनाई सम्बृद्धि हासिल गर्ने लक्ष्य लिएको छ ।

३) दोस्रो लहरको संक्रामक, घातक नयाँ प्रकारको कोरोना भाइरसको (कोभिड—१९) संक्रमणले मानव स्वस्थ्यको क्षेत्रमा देखिएको विषम परिस्थितिमा पनि गरिमामय यस सभा सामु धार्चे गाउँपालिकाको आ.व.०७८-०७९ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफैमा गौरव महसुस गरेको छु ।

४) नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक—पटक गरेको ऐतिहासिक जनआन्दोलनहरु, जनयुद्ध र मधेश आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै यस अभियानमा संलग्न हुँदा वेपत्ता भएका सम्पूर्ण नागरिकहरु प्रति स्मरण गर्दै घाइते र पीडित प्रति उच्च सम्मान व्यक्त गर्दै नेपालको युगान्तकारी परिवर्तनका लागि भएका राष्ट्रियता,

लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

**ख) विद्यमान परिवेश**

५) सेवा प्रवाहको क्रममा विश्वव्यापी रुपमा फैलिएको दोस्रो लहरको कोभिड–१९ को महामारीबाट जीवन गुमाउनु भएका राष्ट्रसेवक कर्मचारीहरु, स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण दाजुभाई तथा दिदी वहिनीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दै कोरोना भाइरसबाट संक्रमित हुनु भएका सबै नेपाली दाजुभाई तथा दिदी वहिनीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

६) महासंकटको यस घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको क्रममा अग्रपंतिमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्वुलेन्स चालक लगाएत राष्ट्र सेवक तथा संघ सस्थाका कर्मचारीको योगदानको उच्च प्रशंसा गर्दछु । जोखिम पूर्ण यस परिस्थितिमा आ–आफनो तहबाट खटिनु हुने जनप्रतिनिधि, राजनीतिक दल, सञ्चारकर्मी, व्यापारी, नागरिक समाज लगायत सबै संघ संस्था तथा व्यक्तिहरुलाई धन्यवाद व्यक्त गर्दछु।

७) महामारीको रुपमा फैलिएको नयाँ अति घातक कोरोना भाइरसको महामारीबाट सबै नागरिकलाई सुरक्षित राख्नको लागी गरिएको वन्दावन्दी र संघ सरकार तथा धार्चे गाउँपालिकाले लागु गरिएको स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण परिपालना गरि कोरोना भाइरसवाट धार्चे गाउँपालिकावासीमा पर्न सक्ने गम्भीर असर कम गर्न सहयोग गर्नु भएका सम्पूर्ण धार्चेवासीमा धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एकजुट भएर दृढताको साथ लाग्न र यस महामारीबाट बच्न सरकारले चाल्ने हरेक कदममा निरन्तर साथ र सहयोग पाई रहने विश्वास धार्चे गा.पा.ले लिएको छ ।

८) यस महासंकटमा जुध्न गाउँपालिकासँग हातेमालो गर्दै गाउँपालिकाले स्थापना गरेको कोभिड–१९ उपचार कोषमा स्वच्छिक रुपमा एम्वुलेन्स, स्वास्थ्य सामाग्री, जिन्सी सामान तथा आर्थिक सहयोग गर्नु हुने सबै संघसंस्था एवं व्यक्तिहरु प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दछु ।

९) कोरोना भाइरसको दोस्रो महामारीसँग जुध्दै धरासायी भएका व्यवसाय, रोजगारी तथा दैनिककार्यलाई निरन्तरता दिदै भावी अवस्थालाई मध्यनजर गरि रणनीतिक कार्ययोजना तयार गरी यस महामारीवाट रोजगारी गुमाएका श्रमिक, असाहाय, अपाङ्ग व्यक्ति, एकल महिला, जेष्ट नागरिक, गरिव तथा विपन्न वर्ग लक्षित स्वास्थ्य, साना किसान, शिप विकास तालिम, आय आर्जन तथा रोजगारी सृजना हुने उत्थानशिल कार्यक्रम सञ्चालन गरिने छ ।

१०) विपद र जोखिमको दृष्ट्रीकोणले धार्चे गा.पा.अति जोखिम क्षेत्रमा पर्ने भएकोले सम्भावित प्राकृतिक विपदवाट हुन सक्ने जोखिम, पर्न सक्ने क्षती र असरलाई न्युनीकरण गर्नको लागि समावेशी विपद् जोखिम न्युनिकरण, व्यवस्थापन ऐन, नियम र नीति तथा प्रतिकार्ययोजना निर्माण गरि अवलम्वन गरिनेछ । विपदवाट क्षति भएका सार्वजनिक तथा निजी संरचनाको पुननिर्माण र भुकम्प पश्चात सुरक्षित घर पुननिर्माण गर्न बाँकी रहेका संकटासन्न घर परिवारको लगत तयार पारी शत प्रतिशत घरहरुको पुननिर्माण कार्य सम्पन्न गरिनेछ ।

११) वढ्दो जलवायु परिवर्तन र यसवाट विश्वव्यापीरुपमा परेको असरवाट धार्चे गाउँपालिका पनि अछुतो नभएकोले यसको असरलाई कम गर्दै अनुकुलनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ र भविष्यमा पर्न सक्ने थप असरवाट पर्न सक्ने प्राकृतिक विपदको असरलाई न्यूनीकरण गर्न स्थानीय अनुकुलन योजना वनाई कार्यान्वयन गरिनेछ ।

१२) सुन्दर सुरक्षित समृद्ध धार्चे भन्ने सोच र लक्ष्यका साथ निर्माण गरिएको पञ्च वर्षिय आवधिक योजना अनुसार लक्ष्य तथा उद्देश्य हासिल प्रासिको अवस्था अध्यावधिक गरि गुणस्तरीय सेवा प्रवाह गर्दै समृद्धि हासिल गर्नका लागि गाउँपालिका निरन्तर कृयाशिल रहेको छ ।

१३) धार्चे गाउँपालिका संघिय सरकारको पहुँच बाट ज्यादै टाढा, विकट भौगलिक अवस्थामा भएता पनि पूर्वाधार, आर्थिक, सामाजिक, साँस्कृतिक लगाएत विविध क्षेत्रका बिकासको निम्ति सधै समर्पित रहने प्रण गर्दै सुशासन, पारदर्शिता र जवाफदेहिता बिना समग्र बिकासको लक्ष्य चुम्न सकिन्न भन्ने अठोटका साथ धार्चे गाउँपालिकालाई उत्कृष्ट र आर्कषक पर्यटकिय गन्तव्यका रुपमा अघि बढाउन पर्यटन पूर्वाधार निर्माण गर्न जुटिरहेको स्मरण गराउन चाहन्छु ।

१४) "पछाडि कोहि पनि नछुटुन" Leave no one behind भन्ने पक्षलाई मध्यनजर गर्दै जोखिममा रहेका तथा लक्षित वर्गलाई प्रत्यक्ष लाभहुने सहभागितामुलक कार्यक्रम तथा दिगो,

भुकम्प प्रतिरोधात्मक तथा अपाङ्गमैत्री भौतिक संरचना, आर्थिक वृद्धि, रोजगारी सृजना गर्ने योजनाहरुलाई प्राथमिकता दिई वजेट विनियोजन गर्दै साना तथा टुक्रे योजना कार्यान्वयन गर्ने परिपाटीलाई वन्द गरि समावेशी अनुगमन र मुल्यांकन प्रणालीलाई पूर्णरुपमा अवलम्वन गरिनेछ ।

१५) धार्चे गाउँपालिका सधै लोकतान्त्रिक मूल्य र मान्यता, प्रतिस्प्रर्धात्मक वहुदलिय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, विविधताको सम्मान, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र निस्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणाको कार्यान्वयनमा प्रतिवद्ध रहेको कुरा अवगत गराउन चाहन्छु ।

१६) धार्चे गाउँ सरकार आफ्नो गन्तव्यमा सुनिश्चित छ लक्ष्यहरु निर्धारित छन् । नीति तथा कार्यक्रमहरु जनमुखि छन् तथापी हामीसँग सवै अवसरहरुलाई कार्यान्वयन गर्न हाम्रा विकट भौगलिक अवस्था, कानुनी जटिलता, राष्ट्र सेवक कर्मचारीको फेरवदल र विश्व व्यापी कोरोना भाइरसको महामारी आदि कारणहरुले हामीले शत प्रतिशत परिणाम हासिल गर्न कठिनाई भईरहेको छ । चार आर्थिक वर्ष सम्पन्न गर्दै गर्दा सिकेका सिकाई, पहिचान भएका अवसर, आन्तरिक तथा वाह्य समस्या र चुनौतीहरुलाई अबसरमा रुपान्तरण गर्ने थप जिम्मेवारीहरु हाम्रो काँधमा रहेको छ भने प्रभावकारी र जनउत्तरदायी सेवा प्रवाह गर्दै जवाफदेहिता, पारदर्शीता र सुशासनलाई सस्थागत गर्दै स्थानीय सरकारको जिम्मेवारी र भुमिकालाई थप सशक्त पार्न हामी दृढसंकल्पित छौं ।

**उपस्थित गाउँसभा सदस्य ज्यू तथा राष्ट्रसेवक कर्मचारीहरु,**

अब म धार्चे गाउँपालिकाले विकास र समृद्धिको लक्ष्य प्राप्तिको लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौतिहरु प्रस्तुत गर्न गइरहेको छु।

(१७) केन्द्रीय सेवा, सुविधा, पहुँच देखि धेरै टाढा तथा विकट भौगोलिक क्षेत्रमा पर्नु धार्चे गाउँपालिकाको वाध्यता नै हो भने अघिल्लो आ.व. जस्तै विश्वव्यापी रुपमा फैलिएको घातक कोरोना भाइरसको महामारीको कारणले गर्दा स्थानीय सरकारले गर्नु पर्ने कार्य र प्रवाह गर्नु पर्ने सेवाहरुमा निकै नै समस्या र चुनौति थपिएको छ । तथापि यस विषम परिस्थितको वावजुद पनि यस आ.व.मा धार्चे गा.पा.ले सुन्दर सुरक्षित समृद्ध धार्चे निर्माण गर्नको लागि गरिएको परिकल्पनालाई पुरा गर्न चालिएका कदम तथा महत्वपूर्ण प्रयासहरु निम्नानुसार छनः

- आ.व. ०७७/७८ मा धार्चे गा.पाले आन्तरिक तथा वाह्य पर्यटनलाई लक्षित गरि तातोपानी मेलाको अवसरमा धार्चे पर्यटन महोत्वस आयोजना गरियो ।
- भूकम्पले दिएको चुनौतिलाई अवसरमा परिणत गर्दै इपीसेन्टर साहसिक माउण्टेन वाईक ट्रेल निमार्ण तथा उद्धाटन ।
- नयाँ वर्षको अवसर पारी आरुघाट, वारपाक सुलीकोट र धार्चे गा.पाको समन्वयमा धार्चेको पर्यटन विकास सम्वन्धी अन्तरकृया ।
- कोरोना महामारीवाट थलिएको आन्तरिक पर्यटनलाई प्रर्वद्धन गर्नको लागि धार्चे गा.पा.मा कार्यरत कर्मचारीहरुलाई ३ दिने पर्यटन विदाको व्यवस्था ।
- कागज रहित डिजिटल धार्चे भन्ने अवधारणा अनुसार अनुगमन तथा सुपरिवेक्षणमा सोलिष्टीक एपको प्रयोग गरि अनुगमन गरिएको ।
- वौद्ध हिमालवाट आएको पानीलाई प्रशोधन गरी वौद्ध हिमाल शुद्धजलको नामवाट व्राण्डीङको लागि तयारी ।
- भूकम्प रहित सुरक्षित आवास निर्माण ।
- जैविक गाउँ निर्माण गर्ने प्रयास ।
- मेगा स्कुल आवसीय छात्रावास र्निमाणाधीन ।
- १५ शैयाको सामुदायिक अस्पताल निर्माणाधीन ।
- भूकम्प पछिको धार्चेको पुननिर्माण पुस्तक प्रकाशोन्मुख ।

**विद्यमान अवसरहरुः**

- धार्चे गाउँपालिका प्राकृतिक सम्पदा र जैविक विविधाताले भरिपूर्ण ।
- पर्यटन (पर्यापर्यटन, साहसिक, साँस्कृतिक) विकासको प्रचुर सम्भावना वोकेको धार्चे गाउँपालिका आन्तरिक र वाह्य पर्यटनको लागि भर्जिन गन्तव्यको रुपमा रहेको छ ।
- धार्चे गाउँपालिकामा जलस्रोत सम्पदाको विकासमा प्रचुर सम्भावना रहेको छ ।
- धार्चे गाउँपालिकामा स्थानीय जैविक उत्पादनहरुको व्राण्डीङ र वजारिकरण ।
- गैरकाष्ठ वनपैदावार तथा खनिज पदार्थमा आधारित उद्योग स्थापना ।
- सेमिनार, चलचित्र छायाँङ्कन, फेष्टीवल पर्यटन सञ्चालन ।
- अध्ययन अनुसन्धानको लागि उपयुक्त ठाउँ ।

**विद्यमान चुनौतिहरुः**

- दुर्गम गाउँपालिकाको कारणले केन्द्र तथा संघ सरकारसँगको पहुँचमा कमि ।

- विषम भौगोलिक वनावटका कारण पूर्वाधार विकास लगाएत अन्य विकास निर्माणका कार्यहरु सञ्चालनमा कठिनाई ।
- विकट भुगोलका कारण एकीकृत वस्तीविकास तथा यातायात सुविधामा कठिनाई ।
- वर्षेनी पहिरो तथा वाढी प्रकोपको कारणले विकासमा अवरोध ।
- विद्युत तथा सञ्चारका पूर्वाधारहरुको पूर्ण विकास हुन नसक्नु ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको दोस्रो लहरको कोरोना भाइरसवाट सवै क्षेत्र प्रभावित हुनु ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुलाई समय अनुसार सशक्तिकरण गर्दै जान नसक्नु ।
- आन्तरिक राजस्व संकलनको अवसरलाई उपयोग गर्न नसक्नु ।
- छाडा चरन, डढेलो तथा खुल्ला चोरी सिकारी ।
- परम्परागत खेतीप्राणलीमा आधारित रहनु र स्थानीय उत्पादित वस्तुहरुको वजारिकरणको अभाव हुनु ।
- पशु तथा वाली विमा कार्यक्रमलाई व्यापकता दिन नसकिएको ।
- सामुदायिक वन र गाउँपालिका विचमा आवश्यक समन्वय र सहकार्य हुन नसक्नु ।
- प्रचुर सम्भावना रहेको क्षेत्रहरुमा लगानी कर्ताहरु भित्र्याउन नसकिएको ।

**गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधार र प्रावधानहरु निम्न रहेका छन्।**

- गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिक विषय क्षेत्रगत दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्नेछ ।
- योजना बनाउँदा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरुलाई ध्यान दिनु पर्नेछ ।
- योजना बनाउँदा प्राथमिकता दिनु पर्ने विषयहरुको आधारमा आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण तथा छनौट गर्नु पर्नेछ ।
- योजना तर्जुमा गर्दा मध्यम र दिर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गर्नु पर्नेछ ।
- गाउँ कार्यपालिकाबाट स्वीकृत योजना तर्जुमा कार्यविधि बमोजिमको विधि तथा प्रक्रिया अनुसरण गर्नु पर्नेछ ।

**योजना तथा वजेट तर्जुमाका आधारहरुः**

- नेपालको संविधान
- राज्यको निर्देशक सिद्धान्त, नीतिहरु, मौलिक हक (भाग ४)
- आर्थिक अधिकार (धारा ५९), आर्थिक प्रणाली (भाग १९)
- कर लगाउने क्षेत्र (अनुसूचि ८ वमोजिम)
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७५
- राजस्व परामर्श समितिको प्रतिवेदन,

(१८) भौगलिक विकट्ता र सिमित स्रोत साधनको वावजुद, कोरोना भाइरसको दोस्रो महामारीले सृजना गरेको विषम परिस्थितिमा पनि धार्चे गाउँपालिका आफ्नो लक्ष्य प्राप्तीको लागि अगाडि वढि रहेको अवस्था भए पनि गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण लगाएतका समग्र गतिविधिहरु निकै प्रभावित भएका छन् भने यि सवै अवस्थाहरुले सिकाएका सिकाईवाट आगामी दिनहरुमा कति पनि विचलित नभै अगाडि वढ्नको लागि क्षमता विकासका अवसर प्राप्त भएको छ । तथापि यस विषम परिस्थितिमा पनि आवश्यक सहकार्य, समन्वयको फलस्वरुप गाउँपालिकाले हासिल गरेका केहि महत्वपूर्ण उपलव्धीहरु सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**(१) भौतिक पूर्वाधार विकास तर्फको उपलव्धी**

- भुकम्प पश्चातको निजी आवास पुननिर्माणको कार्यहरु ७ वटा वडाहरुमा गुनोसोमा परेका केहि घरहरु वहेक ७ वटै वडाहरुमा सम्पन्न भएको । यो आ.व.मा वजेट विनियोजन गरि निर्माण कार्यसुरुवात गरिका ४ वटा वडाका वडाभवनहरु मध्ये २ वटा पूर्णरुपमा सम्पन्न भएको र अन्य भवनहरुको काम द्रुतगतिमा सञ्चालनमा रहेको छ । यसै आ.व.मा नयाँ ७ कि.मि.नयाँ सडक निर्माण भएको र १.७ कि.मि सडक स्तरउन्नती भएको छ । गाउँपालिका र प्रधानमन्त्री रोजगार कार्यक्रमवाट ७ कि.मि. गोरेटो वाटो निर्माण गरिएको छ ।
- गा.पाको प्रशासनिक भवन निर्माणाधिन रहेको ।
- ४ वटा वडा कार्यालय भवन निर्माणाधीन, १ कोल्ड स्टोर, २ रष्टीक स्टोर, १ तमुकोइवो भवन, काशी गाउँ सभाहल निर्माण सम्पन्न भएको छ ।
- २ वटा अस्पताल निर्माणाधीन ।

- ३ वटा जलविद्युत निमार्णधीन ।
- गा.पा. स्तरीय हाटवजार तथा कोशेली घर निर्माण ।
- दोभानको वुढीगण्डकीमा पक्की पुलको DPR गरिएको ।

**(२) आर्थिक विकास तर्फको उपलव्धी**

- गा.पा.को पर्यटन गूरुयोजना निर्माण गर्ने चरणमा रहेको ।
- धार्चे गा.पा. र सिभिल बैंक विच सम्झौता गरी ७ जनाले सहुलियतपूर्ण कर्जा प्राप्त गरेको ।
- धार्चे गा.पा.मा व्यवसायीहरुको सहजताको लागि व्यवसायिक सहायता कक्ष स्थापना गरि पान नम्वर उपलव्ध गराएको ।
- लाप्राक नमुना वस्तीमा पर्यटकीय सुचना केन्द्र र कोशेली भवन निमार्ण ।
- निशाराङ च्छो पदमार्ग निर्माणको लागि DPR तयार गरि टेण्डर खोलिएको ।
- पहिलो पटक पशुमा कृतिम गर्भाधानको सुरुवात गरिएको ।
- पशु स्वास्थ्य कर्मीहरुको सञ्जाल गठन ।
- धार्चे गाउँपालिकाले IMTA(International Mountain Tourism Alliance) को निशुल्क सदस्यता प्राप्ती ।
- नेपाल पर्यटन वोर्डले धार्चे उत्कृष्ट ठाउँहरुको फोटो आफ्नो वेवसाइटमा राखेको ।

**(३) सामाजिक विकास तर्फको उपलव्धी**

- कोरोना भाइरस संक्रमण विरुद्ध गा.पा. कर्मचारी, जनप्रतिनीधि तथा अन्य व्यक्तिहरुलाई खोपको व्यवस्था गरिएको ।
- विश्व भरी फैलिएको महामारी कोभिड १९ को संक्रमितहरुलाई राख्ने क्वारिन्टीनको निमार्ण र संक्रमितहरुको उपचारको लागि कोभिड १९ उपचार कोष स्थापना गरी सञ्चालनमा ल्याएको ।
- एक्सरे जाँच गर्ने व्यवस्था गरीएको ।
- एक घर एक धारा कार्यक्रम अन्तरगत काशी गाउँ, गुम्दा, लापुवेशीमा निर्माणधीन रहेको ।
- मेगा विद्यालयको छात्रावास भवन निमार्णाधीन रहेको ।
- ४ वटा क्वारीनटीन निर्माण, १ इसोलेसन सेन्टर निर्माण गरिएको ।
- गा.पा स्तरीय खेलकुद समिति गठन
- धार्चे गा.पा स्तरीय महिला सञ्जाल गठन,

- गा.पा.को समन्वयमा धार्चे उद्योग वाणिज्य संघ एकाई गठन भएको ।
- ३८ वटा स्थायी शिक्षक दरवन्दी पदपूर्ती ।
- धार्चे गा.पा.को स्वास्थ्य क्षेत्रको अवस्थालाई मध्यनजर गरि सम्भव नेपालसँगको सहकार्य र आर्थिक सहयोगमा थप एक एम्वुलेनस व्यवस्थापन गरिएको ।
- ४३४ (२३६ महिला र १९८ पुरुष) जेष्ठ नागरिक तथा २५२ (११४ महिला र १३८ पुरुष) अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरिएको ।

**(४) वन वातावरण तथा विपद व्यवस्थापन तर्फको उपलव्धी**

- कस्तुरी तथा मृग पालन सम्वन्धी गोष्टी सम्पन्न गरिएको ।
- ४ अग्नी पिडित घरपरिवारलाई राहत वितरण गरिएको ।

**(५) सस्थागत तथा सुशासन तर्फको उपलव्धी**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे अनुसार धार्चे गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी मितव्यायी, सरल र पहुँच योग्य वनाउन राजस्व संकलन गर्ने कार्यलाई सरल, सहज र भरपर्दो वनाउनको लागि एकीकृत कर संकलन प्रणाली सफ्टवेयर जडान गरि कार्यान्वयनमा ल्याएको,
- धार्चे गाउँ पालिकाले आ.व.०७६।०७७ को सस्थागत स्वमूल्यांकन सञ्चालन गरि १० विषयगत क्षेत्र अन्तर्गत १०० वटा सुचकहरुमा स्वमूल्यांकन गर्ने कार्य सम्पन्न गरिएको छ । सो मूल्यांकनवाट १०० मा ४६.५० अङ्क प्राप्त गरी कमजोर अवस्थामा रहेको देखिन्छ ।
- गाउँपालिकाको काम कारवाहीलाई व्यवस्थित गरि विधिको शासन, पारदर्शी, जवाफदेहि, परिणाममूखि र नागरीकमैत्री शासन व्यवस्था कायम गर्न ४ ऐन, २१ वटा कार्यविधि, १ नीति निर्देशिका, २ नियमावली, ३ वटा निर्देशिका, १ नीति, १ मार्गदर्शन निर्माण गरी सम्मानीत सभाले पास गरी गर्दै आएको छ ।

**(च) आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु**

(क) आर्थिक विकास

(ख) सामाजिक विकास

(ग) भौतिक पूर्वाधार

(घ) वन वातावरण

(ङ) संस्थागत तथा सुशासन

**(छ) आगामी आ.व.का प्रमुख नीतिहरु**

**क, आर्थिक विकास**

**राजस्व तर्फ**

(१९) आन्तरिक राजस्व संकलन गर्ने कार्यलाई सफल वनाउनको लागि "राजश्व संकलन भार होइन संमृद्धिको आधार हो" भन्ने चेतना जागरण गराउन कर सम्बन्धि प्रशिक्षण, छलफल वा तालिम कार्यक्रम मार्फत सचेतना अभियान निरन्तर संचालन गरिनेछ भने गाउँपालिका भित्र उच्चतम तथा समयमा कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

(२०) आन्तरिक राजस्व वृद्धिको लागि धार्चे गाउँपालिकाले निर्माण गरेको आन्तरिक राजश्व सुधार कार्ययोजना अनुसार आन्तरिक राजस्व संकलन गरि धार्चे गाउँपालिकालाई आत्मनिर्भर बनाउन आन्तरीक राजश्व सुधार कार्ययोजना अनुसार आन्तरिक राजस्व संकलनमा वृद्धि गरिनेछ । साथै राजस्वका थप क्षेत्रहरु पहिचान गरी राजस्व वृद्धि गर्दै लैजाने नीति लिइनेछ ।

(२१) व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरि व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणालीमा आवद्ध गर्ने साथै वगीृकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ ।

(२२) गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिने छ । सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।

(२३) राजस्व प्रशासनलाई अझ चुस्त र पारदर्शी बनाउन गाउँपालिका र सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङको सुरुवात गरिनेछ । राजस्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ । गाउँपालिकाको राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजस्व परामर्श समितिको सक्रियतामा समितिले नियमित राजस्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

(२४) व्यवसायीहरुलाई करको दायरामा लैजाने र यसका लागि उद्योगि व्यवसायिहरुसँग आवश्यकतानुसार समन्वय गरी कार्य गर्ने । व्यवसायमा कर तिर्ने व्यवस्था तथा कर नीतिको बारेमा आवश्यक अभिमुखिकरण गर्ने व्यवस्था मिलाउने, स्थानीय तहमा संचालनमा

रहेका दर्ता भएका र नभएका सबै खाले उद्योग व्यावसायहरुको तथ्यांक अध्यावधिक गर्ने व्यावसाय दर्ता अभियान संचालन गर्ने ।

**कृषि तर्फ**

(२५) धार्चे गाउँपालिकामा कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीको व्यवस्था गरी सेवा केन्द्र मार्फत सबै किसानको पहुँच हुने गरी कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक सेवा विस्तार गरिनेछ ।

(२६) धार्चे गा.पा. को कुल क्षेत्रफलको ९.८३% कृषि योग्य भूमिको असिमित उपयोग गरी कृषिमा आत्म निर्भर वन्नको लागि र कृषि योग्य जमिनमा पहुँच नरहेका लगभग १७% घर परिवारको खाद्य असुरक्षालाई घटाउने नीति लिईने छ । यसको लागि वाँझो तथा खाली जग्गालाई उपयोग गर्ने नीति अनुसार कृषि उत्पादन वढाउन कृषियोग्य जमिनमा पहुच वृद्धि गर्दै सिचाई सुविधालाई वढाईने छ ।

(२७) धार्चे गाउँपालिकाको हावापानी र माटो सुहाउँदो कृषि उत्पादन (मकै, आलु, गहुँ, जौ, भटमास, कोदो) आदिको उत्पादनमा वृद्धि गर्नको लागि जग्गा वर्गिकरण गरि लागत सङ्कलन गरिनेछ भने खाद्य सुरक्षामा विशेष जोड दिदै आवश्यक वजेट विनियोजन गराइने छ ।

(२८) रैथाने विउ तथा विजनको नशल सुधार गरि उन्नत रैथाने विउको विकासको नीति लिईने छ भने आलु, गहुँ, जौ, भटमास र शिलाम खेतिको क्षेत्र विस्तार गरि कृषिमा आत्मर्निभर गर्ने नीति अनुसार हरियो तरकारी उत्पादन र प्रयोग दर १ प्रतिशत वाट वढाएर १० प्रतिशत वनाइने छ ।

(२९) कृषिमा यान्त्रिकरण, आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै यसलाई मर्यादित पेशाको रुपमा विकास गरिनेछ । यसका लागि वडागत रुपमा संचालन भई रहेको पकेट-ब्लक कार्यक्रमलाई निरन्तरता दिईनेछ भने यो आ.व. देखी कृषक दर्ता तथा सूचिकरण गरि राष्ट्रिय किसान परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाईने छ ।

(३०) उत्पादनमा हाम्रो साथ वस्दीन म खाली हात भन्ने नारालाई सफल वनाउन गाउँपालिकामा रहेको सवै खाले जमिनको उपयोग गर्दै खाद्य असुरक्षालाई हटाउन कृषि योग्य भूमिको पूर्ण उपयोग, परम्परागत कृषि पेशालाई आधुनिकिकरण गर्दे अर्गानिक खेतीको लागि विभिन्न निकायहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ ।

(३१) स्थानीय उत्पादन र खपतमा विशेष जोड दिई प्रत्येक आ.व.मा धार्चेवाट उत्पादि स्थानीय वस्तुको व्राण्डीङ, लेवलिङ र प्याकेजिङ गर्नको लागि वजेट विनियोजन गरिने छ ।

(३२) गाउँपालिका भित्र उत्पादित वस्तुहरुको व्यवस्थापन र वजारीकरणको लागि “एक वडा एक महिला कृषि सहकारी निर्माण” गरी उत्पादित वस्तुहरुको व्यवस्थापन र वजारीकरणको लागि कोष खडा गरी अनुदानको व्यवस्था गरिने छ ।

(३३) उपयोग विहिन भूमिलाई गा.पा.को स्वामित्वमा ल्याई कृषिमा आत्मनिर्भर वन्नको लागि व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्न जग्गा लिजमा उपलव्ध गराइने नीति लिइनेछ ।

(३४) व्यवसायिक सिप सिकेका, वैदेशिक रोजगारीवाट फर्किएका, कोरोना भाइरसको महामारीवाट व्यवसाय तथा रोजगारी गुमाएका श्रम शक्तिहरुको तथ्याङ्क सङ्कलन गरी ति व्यक्तिहरु लक्षित गरि व्यवसाय सञ्चालनको लागि युवा तथा लक्षित वर्ग उद्यमशिलता विकास अनुदान कोषलाई निरन्तरता दिई सञ्चालन गरिने छ ।

(३५) वातावरण तथा मानव स्वास्थ्यमा प्रतिकुल असर पर्न नदिन तथा दीर्घकालिन कृषि विकासको निम्ति रासयनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै माटो परिक्षण, बाली उपचार शिविर सञ्चालन, जैबिक तथा वनस्पतिक बिषादी निर्माण पद्धतिमा जोड दिईने छ, भने होटल तथा पसलहरुमा अर्गानिक उत्पादनको टे«ड मार्क राखी व्यबसायलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

(३६) कृषिलाई व्यवसायिक तथा आधुनिकीकरण गर्नको लागि कृषिजन्य पुर्वाधार निर्माण गरिनेछ भने आलुको सुपर जोन र अन्य सवै वडाहरुलाई पकेट एरियावाट व्लकमा स्तर उन्नती गरीने कार्यलाई निरन्तरता दिइने छ । उत्पादित स्थानीय कृषि वस्तुहरुको खपतको लागि एक वडा एक सङ्कलन केन्द्र र हाटबजार नभएका वडारुमा हाटबजार निर्माण गर्ने साथै गा.पा. स्तरीय संकलन केन्द्र निर्माण गरिने छ ।

(३७) एक वस्ती एक व्यबसायिक अर्गानिक खेती उत्पादनको लागि (बेसार अदुवा, फापर, तरुल, सखरखण्ड, कफि, सिस्नु, अल्लो, अलैंची, कागती, केरा भुँइकटहर, एवोकाडो, जापानीज कटुस, स्याउ, किम्वु, टिम्मुर, दाँते ओखर, तरकारी खेती) कृषक समुहहरुलाई विउ खरिदमा ७५% अनुदान निरन्तरता दिइने छ ।

(३८) माटोको स्वस्थता कायम गरी उर्वराशक्ति दीर्घकालीन रुपमा कायम राख्न गोठेमल, कम्पोष्ट मल, जैविक मल, हरियो मल, पशुमुत्र सङ्कलन र प्रयोगमा जोड दिईने छ ।

(३९) गाउँपालिका भित्रै प्रमुख रुपमा उत्पादन हुने नगदेवाली (आलु, भटमास, सिलाम) आदिमा गाउँपालिकालाई आत्म निर्भर बनाइनेछ भने यि नगदे वालीको विउ विजनको उत्पादन केन्द्रकोरुपमा विकास गरिने छ ।

(४०) उच्च मूल्यका सम्भावित जडिवुट्टिहरु, मौसमी तथा वेमौसमि फलफुलहरुको व्यावसायिक खेति गर्नको लागि कृषक समुहहरुलाई आवश्यक अनुदानको व्यवस्था मिलाईने छ ।

(४१) मौसमी तथा वेमौसमि फलफुलहरुको व्यावसायिक खेतिको लागि आवश्यक पर्ने सिचाइको व्यवस्था गरिनेछ भने सिंचाइको सम्भावना नभएको ठाउँमा थोपा सिचाई, पलाष्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

(४२) भुमिको खण्डीकरण गरी वाँझो राख्ने चलनलाई निरुत्साहित गर्न भुमी बैंकको स्थापना गरी खण्डीकरणमा आधारित खेती प्रणालीमा जोड दिई कृषि उत्पादकत्व बढाउन सिंचाईको व्यवस्था मिलाईने छ । साथै भुमि सम्बन्धि अभिलेखलाई बिद्युत्तिय प्रणालीमा व्यवस्थित गर्दै अध्यक्ष कृषि पर्यटन परियोजना सञ्चालनमा ल्याई हरेक वर्ष उत्कृष्ट कृषकलाई पुरस्कार वितरण गरिने छ ।

(४२) व्यवसायिक सुरक्षणका लागि व्यवसाय विमा तथा सुरक्षाको सामाग्रि सम्वन्धमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ । कृषि फर्म बालि बिमा गर्दा लाग्ने प्रिमियममा नेपाल सरकारले दिने सुविधा वाहेकलाई १०० प्रतिशत मानि ५० प्रतिशत अनुदान यस पालिकाद्वारा प्रदान गर्ने ।

(४३) हालैमात्र नेपाल भित्रिएको जापानीज प्रविधिको अंगारवाट वनाइने अर्गानीक वायो चार मलमा गौमुत्रको समिश्रण भएकोले लार्के हिमाल वायो चार प्रा.लि.ले गोरखाको १० किलोमा उत्पादन गर्न लागेको उक्त प्रालिसँग धार्चेको गौमुत्र संकलन गरी विक्री वितरण गर्न गोठालोहरुलाई प्लास्टिकको ड्रम वितरण गर्ने नीति लिएको छ भने उक्त मल खरिदमा कृषकहरुलाई अनुदान उपलव्ध गराइने छ।

(४४) रोपेको वर्ष दिनमै टिप्न मिल्ने धुपी र धुपीभित्र रोपेको वर्ष दिनमै ३ पटक पात टिप्न मिल्ने रोजमेरी फुल खेती १४०० देखि २२००मिटर) गर्न लार्के हिमाल जडिवुटी उद्योग प्रालिसँग सहकार्य गरी ५० रोपनी जग्गामा खेती गर्न ३ वटा समुहलाई ५० प्रतिशत अनुदान दिलाउने नीति लिइने छ।

(४५) धार्चे गाउँपालिकाको अवस्था अनुसार नगदे वालीको लागि शित भण्डारण, पलाष्टीक पोखरी निमार्ण गर्नको लागि किसानहरुलाई आवश्यक वजेट अनुदानको व्यवस्था गरिने छ भने कृषकहरुलाई निशुल्क तरकारीको बीउ मिनीकिट वितरण कार्यक्रम संचालन गरिनेछ ।

(४६) धार्चे गाउँपालिकाको कृषि क्षेत्रलाई व्यवस्थीत र मर्यादित वनाउनको लागि कृषकको व्यक्तिगत विवरण, व्यवसायीक विवरण, प्राप्त गरेको सहुलियत तथा सुविधा समेतलाई जानकारी हुने गरी कृषि डायरी तथा कृषक परिचय पत्र कार्यक्रम संचालन गरिनेछ ।

**पशुपक्षीं विकास**

(४७) यस गा.पा. मा पशु तथा पक्षींको विकास तथा व्यवसायिक उत्पादनको प्रचुर सम्भावना भएता पनि ४९% घरपरिवार मात्र जिविको पार्जनका लागि यस पेशामा संलग्न रहेका छन । यस अवस्थालई सुधार गरि पशु तथा पंक्षीको विकास तथा व्यवसायिक उत्पादनलाई विशेष प्राथमिकता दिने नीति लिदै व्यवस्थित र व्यवसायिक पशुपंक्षी पालनमा अनुदानको व्यवस्था गरी मासु, अण्डा तथा दूधमा आत्मर्निभर हुने नीति लिइनेछ ।

(४८) भेडा तथा वाख्राको व्यावसायिक उच्च महत्व रहेका हुल्चुक, केरौजा, भिरकुना, गुम्दामा बाख्रापालन व्यवसायलाई व्यवस्थीत गरिने छ । लाप्राक, सिङला, उहियाको लाक्पाल क्षेत्रमा भेडा पालन व्यवसाय सञ्चालनको लागि विशेष कार्यक्रम सञ्चालन गर्दै वाख्रा तथा भेडाको पकेट क्षेत्र बनाईने छ ।

(४९) धार्चे गाउपालिकालाई, मासु तथा अण्डामा आत्मानिर्भर बनाउनको लागि लाप्राक, गुम्दा, केरौजा, उहिया र लापुमा कुखुरा, कालिज, वट्टाई तथा तित्रा पालनमा जोड दिई उपयुक्त स्थानमा ह्याचरी सेन्टर स्थापना तथा गाउँपालिका भित्र कुखुराको चल्ला उत्पादन गर्नको लागि अन्य निकायसँग सहकार्य गरीनेछ ।

(५०) बाहिरबाट अबैध रुपमा भित्रने पशु पंक्षीलाई रोक लगाई स्थानीय पशु नश्ल सुधारको माध्यमबाट पशुपालन व्यवसायिलाई प्रोत्साहन गरी धार्चे गाउँपालिकाको बजार क्षेत्रमा आवश्यकता अनुसार पशु बधशालाको निर्माण गरी स्वच्छ र स्वस्थ्य मासु खपत गराईनेछ ।

(५१) एकिकृत पशुपालन कार्यलाई प्रोत्साहान गरी पानीको अभाव रहेको खर्कहरुमा आकासे पानी संकलनको लागि प्लास्टीक पोखरी, सामुहिक गोठ, चरन खर्क आदिको निर्माण गर्दै लगिने छ ।

(५२) धार्चे गाउँपालिका भित्र उत्पादित भेडाको उन सङ्कलन गरी उनसँग सम्वन्धित व्यवसाय, मौरी पालन व्यवसाय सञ्चालन गर्नको लागि कृषि समूहमा आवद्ध व्यवसायिक कृषि फर्मलाई दिने अनुदानलाई निरन्तरता दिइने छ ।

(५३) धार्चे भित्र रहेका सहकारीलाई उत्पादनशिल क्षेत्रमा जोड्दै नियमन, व्यवस्थापन र शसक्तिकरण गरिनेछ, साथै लघुवित्त, सहकारीहरुलाई कृषि क्षेत्रमा लगानी गर्न र व्यवसाय विस्तार गर्न उचित वातावरणको व्यवस्था गराईनेछ ।

(५४) गाउँपालिका क्षेत्रमा एक वडा एक कृत्रिम गर्भाधान स्थलको निर्माण गरी निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ ।

(५५) माछीखोला, खोर्ला बेसी, लाप्राक, काशिगाउँमा माछापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

(५६) गाउँपालिकामा दर्ता गरिएका पशु फर्म र संकटासन्न परिवार अति गरिवीको रेखामुनी रहेका अपांग, दलित परिवारहरुले पालेको जम्मा २००० गाई भैंसी तथा भेडावाख्राहरुको विमा गराई विमा शुल्क गाउँपालिकाले तिर्ने नीति लिएने छ ।

उद्योग, वाणिज्य तथा व्यापार तर्फः

(५७) संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा गा.पा.मा १ उद्योग ग्राम स्थापनाको लागि DPR गर्न वजेटको व्यवस्था गरीनेछ । धार्चेमा लगानी मैत्री वातावरणको सिर्जना गरि उच्च र तत्काल आर्थिक प्रतिफल प्राप्त हुने क्षेत्रमा निजि र सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ । व्यवसायीहरुलाई व्यवसाय सञ्चालन गरे वापत विशेष अनुदान, करमा सहुलियत र विद्युत महसुलमा २० प्रतिशत छुटको व्यवस्था गरिने छ ।

(५८) उद्योगी व्यवसायिहरुको क्षमता विकासका लागि आवश्यकतामा आधारीत व्यवस्थापकिय तथा प्राविधिक सीप विकास गर्ने, व्यवसाय व्यवस्थापन, उद्यमशिलता विकास, व्यवसायिक योजना निर्माण, बजारीकरण जस्ता तालिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(५९) अपाङ्गता भएका नागरिक, एकल महिला, विपन्न, भुःकम्पको कारण विस्थापनमा परेका (आन्तरिक तथा बाह्य विस्थापितहरुको)े आर्थिक विकासको लागि आवश्यक नीतिगत तथा कार्यक्रमको सुनिश्चितता गरिने छ ।

(६०) निजी क्षेत्रका संघ संगठनहरुसँग समन्वय गरी स्थानीय तहमा तीनका शाखा विस्तार गर्न सहजिकरण गरि राजश्व परामर्श समितिमा निजी क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितता गर्ने र व्यावसायिक सुरक्षाका लागि व्यवसाय विमाको नीति लिइने छ ।

(६१) लघु एवं घरेलु उद्योगको संरक्षण, विस्तार तथा क्षमता अभिवृद्धिको लागि विशेष अनुदानको व्यवस्था गरिने छ । स्थानीय सिपलाई आधुनिकिकरण र व्यवसायीकरण गर्न घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन, विकास र प्रवद्र्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत (भिर मह, शिलाजित, वोल्याह चिया लगाएत स्थानीय खाद्यान्नको उत्पादन, ठेकी, आरान, अल्लो प्रसोधन तथा राडीपाखीलाई) वजारीकरण गरिने छ ।

(६२) गाउँ गाउँमा उद्यमशिल्ता विकास गर्न लघु उद्यमको आवश्यकता र महत्व अति नै रहेकोले यसको विकासको माध्यमबाट रोजगारीमा वृद्धि गरि गरिवी निवारण गर्ने वलियो आधार भएकोले आवश्यक वजेटको विनियोजन गरीे निजि क्षेत्र समेतको सहभागितामा लघु उद्यम कार्यक्रम सञ्चालनमा जोड दिदै अध्यक्ष उद्यमशिलता विकास कार्यक्रम लागु गाराइनेछ ।

(६३) स्थानीय तहमा दर्ता भइ सञ्चालनमा रहेका र नभएका सबै खाले उद्योग व्यवसायहरुको तथ्याङ्क अध्यावधिक गर्ने र व्यवसाय दर्ता अभियान सञ्चालन गरि पान नम्वर उपलव्ध गराउन सहजिकरण गरिने छ ।

(६४) व्यवसायिक सुरक्षाका लागि व्यवसाय विमाको नीति लिइदै महिलाहरुको आर्थिक सशक्तिकरणमा जोड दिदै महिला उद्ममशिल्ता विकास गर्न उनिहरुको आवश्यकतामा आधारीत कार्यक्रमहरु सञ्चालन गर्न वजेटको व्यवस्थापन गरिनेछ ।

(६५) बैंक तथा वित्तिय सस्थाहरुको सहभागितामा कोरोना भाइरसले धरासयी भएका व्यावसायलाई विकास प्रवद्र्धनका लागि सहुलियत व्याजदर र शुन्य व्याजदरमा ऋण उपलब्ध गराइनेछ ।

(६६) सहकारी संस्थाको दर्ता, अभिलेखिकरण, नियमन लगायतका कार्यहरुलाई सहज र व्यवस्थित गरिनेछ साथै सहकारी संस्थाको क्षमता विकासका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवं व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

**पर्यटन, संस्कृति प्रवर्द्धन तर्फः**

(६७) प्रकृति र संकृतिको खुल्ला संग्रहालय धार्चे” भन्ने पर्यटकीय व्राण्डलाई साकार पार्नको लागि पर्यटन गुरु योजना अनुसार प्रचुर सम्भावना रहेको पर्यटकीय स्थलहरुमा आवश्यक पूर्वाधार निर्माण गर्न वजेटको व्यवस्थापन गरिनेछ ।

(६८) धार्चेको समृद्धिको मेरुदण्ड पर्यटन भएकोले दिगो, मर्यादित पर्यटन विकासलाई विशेष जोड दिइने छ ।

(६९) पहिचान भएका पर्यटकीय स्थलहरु मार्फत ग्रामिण जीवन पद्वतिमा सुधार ल्याउन आवश्यक पूर्वाधारहरु(वाटो, पानी, वत्ती, होटेल) निमार्ण गरिने छ । सामुदायिक होम स्टे सञ्चालनलाई विशेष जोड दिइने छ र प्रत्येक होम स्टेहरुमा स्थानीय प्राङगारिक खाध्यन्नको प्रयोग, कोशेलिको रुपमा हस्तकला तथा अन्य सामाग्रीहरुको आवश्यक व्यवस्था मिलाइने छ ।

(७०) पर्यापर्यटन, सहासिक पर्यटन, साँस्कृतिक तथा धार्मिक पर्यटनलाई विशेष जोड दिई धार्चेमा रहेको गुरुङ समुदाय र उनिहरुको धर्म र सँस्कृतिसँग सम्वन्धीत चाडपर्व, जात्रा, नाचहरुलाई प्रचार प्रसार गरिनेछ । साथै साहासिक पर्यटनको लागि चुमनुव्री गापासँगको समन्वयमा मे ९ मा मनास्लु डे र मनास्लु अल्ट्रा म्याराथोन सञ्चालन गरिने छ ।

(७१) धार्चेको पर्यटन विकास, प्रचार प्रसार गर्नको लागि सम्वद्ध निकायहरु (संघ, प्रदेश र पर्यटन वोर्ड पर्यटन व्यवासायि) सँग समन्वय गरिनेछ भने पर्यटनसँग सम्वन्धीत गतिवीधि तथा सम्पदाहरुको फोटोहरु संकलन गरि फोटो एक्जीविसन गरि धार्चे फोटो ग्यालरि निर्माण गरिनेछ । साथै धार्चे डाँडामा धार्चेका पितृहरुको एक्जीविसन सहितको आउटडोर ग्यालरि निमार्ण गरिनेछ ।

(७२) पर्यटन क्षेत्रको विकासको लागि नीजि क्षेत्रको लगानि आकर्षित गर्न गा.पा.ले विशेष वातावरण र कार्यक्रम सञ्चालन गरिनेछ भने पर्यापर्यटन, साहासिक पर्यटन, साँस्कृतिक तथा धार्मिक पर्यटनको विकास र प्रवर्द्धन लागि विशेष कार्यक्रम सञ्चालनको लागि (संघ, प्रदेश र पर्यटन वोर्ड) समन्वय गरिनेछ ।

(७३) स्थानीय विशिष्ट पहिचान झल्कीने खालका उत्पादनहरुको प्रवद्र्धन गर्दै आय आर्जनका लागि उपयुक्त स्थानहरुमा कोशेली घरको स्थापना गरिनेछ ।

(७४) पाहुना देवता सरह हुन्छन भन्ने पक्षलाई साकार वनाउन पर्यटन तथा होटल व्यावसायिहरुलाई पर्यटन नैतिक शिक्षा, अतिथि सत्कार, सरसफाई सम्वन्धि चेतना अभिवृद्धिको लागि कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

(७५) धार्चे गाउँपालिका भित्र वसोवास गर्ने गुरुङ समुदायको लोक भाषा, कला सस्कृति, धार्मिक तथा साँस्कृतिक स्मारक र पुरातात्विक महत्वका स्थलहरु संरक्षण सम्बर्द्धनको लागि अध्ययन अनुसन्धान गरि दस्तावेजीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरीनेछ ।

(७६) स्थानीय रुपमा परम्परा देखी काट्दै आएको भिर मह, मनाउदै आएको मकै बिवाह, घाटु नाच, साइवा नाच, छिज्यू नाच, माने नाच, नारा पर्व, आलु महोत्सब, तमु लोसार, तातोपानी जात्रालाई महोत्सवको रुपमा मनाई वाह्य तथा आन्तरिक पर्यटक प्रवद्र्वन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

(७७) धार्मिक तथा साँस्कृतिक महत्व वोकेका सम्पदाहरुको पुननिर्माणमा जोड दिदै कोटहरुको मर्मत संभार गरिने छ । पर्यटन विकास र प्रवर्द्धन लागि सार्वजनिक तथा सामुदायिक वन भित्र रहेका जग्गाहरुमा पर्यापर्यटन गतिविधिहरु सञ्चालनको लागि व्यवसायिहरुलाई लिजमा सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

(७८) पर्यटकीय साहशीक खेलकुद गतिविधि सञ्चालन गर्न गण्डकी अल्पाइन क्लवसँग सहकार्य गरि नागरिक उड्ययन प्राधिकरणसँग प्यारागलाइडीङ खेल सञ्चालन गर्न आवश्यक पहल गरिनेछ । लाप्राक नमुना वस्तीमा जीपलाइन परियोजनालाई निरन्तर दिन थप वजेट विनीयोजन गरिनेछ।

(७९) पर्यटन क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्ने नीति अनुसार महिला ट्रेकिङ गाईड तालिम सञ्चालन गर्न सम्भव नेपालसँग सहकार्य गरिनेछ । नेपाल पर्यटन वोर्ड, तान पोखरा च्याप्टरसँग सहकार्य गरी भिडियो स्टोरी टेलिङ तथा धार्चेले गरेको नमुना योग्य कार्यको डकुमेन्ट्री वनाई ल्त्य मा प्रकाशित गराइने छ ।

**ख, सामाजिक विकास तर्फ**

**शिक्षाः**

(८०) शिक्षा नै मानव संशाधन विकासको आधार स्तम्भ भएकोले समतामुलक, समावेशी तथा गुणस्तरीय शिक्षामा सवैको पहुँच पु¥याउनु अनिवार्य भएकोले धार्चेको ७१% साक्षरता दरमा वृद्धि गरी ९०% प्रतिशत पु¥याउने गा.पाको शिक्षा नीति रहेको छ ।

(८१) विश्वव्यापी महामारीकोरुपमा फैलिएको कोभिड(१९ को दोस्रो लहरवाट विद्यालयमा परेको प्रभाव र भविष्यमा आउन सक्ने संभावित जोखिम र प्रभावलाई मध्यनजर गर्दै हाल लकडाउनको कारणले विद्यालय बन्द रहेको अवस्थामा पनि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरु प्रयोग गरी पठनपाठन गर्ने व्यवस्था मिलाइने छ ।

(८२) धार्चे गाउपालिका भित्र असल पठन संस्कृतिको विकास गर्न आधुनिक सुचना तथा सञ्चार प्रविधियुक्त सुविधा सम्पन्न पुस्तकालय निर्माण गरिनेछ ।

(८३) धार्चेको भुगोललाई मध्यनजर गर्दै तोकिएको मापदण्डका आधारमा थप विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा र विद्यालय बाहिर प्रारम्भिक बालविकास केन्द्र तथा स्याहार केन्द्र स्थापना एवं सञ्चालनलाई निरन्तरता दिइनेछ र बाल कक्षा उमेर समुहका बालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

(८४) स्थानीय तहले सञ्चालन गर्ने स्तर मापन परीक्षाहरु, आधारभूत तह उत्तिर्ण परीक्षा एवं माध्यमिक तह उत्तिर्ण परीक्षा थप म¥यादित तथा उपलब्धि मूलक बनाउन आवश्यक बजेट विनियोजनलाई निरन्तरता गरिनेछ ।

(८५) शिक्षामा प्रविधी मैत्रि गुणस्तरीय शिक्षा आजको आवश्कता भन्ने नाराका साथ अन्तराष्ट्रिय शिक्षा दिवसको अवसरमा सामुदायिक विद्यालयवाट SEE मा ३.५ भन्दा वढी प्राप्त गर्ने विद्यार्थीलाई १ वर्षको छात्रवृतिको व्यवस्था गरिने छ । साथै अभिभावक विहिन

वालवलिकाहरुको लागि वेसहाराको साहार धार्चे गा.पा.भन्ने कार्यक्रम अन्तर्गत प्रति विद्यार्थि रु ५०० को दरले छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(८६) शिक्षण कार्यलाई मर्‍यादित वनाउनको लागि विद्यालय कक्षा कोठालाई मोवाइल रहित वनाइने छ, विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।

(८७) उत्कृष्ट मा.वि, आ.वि. र उत्कृष्ट सिकाई उपलव्धी हासिल गर्ने शिक्षकलाइ प्रत्येक वर्ष अन्तराष्ट्रिय साक्षरता तथा राष्ट्रिय शिक्षा दिवसको अवसरमा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(६६) सवै विद्यालयलाई वालमैत्री तथा अपाङ्गमैत्री वनाई स्थानीय पाठ्यक्रम वनाई पठन पाठन गराइनेछ।

(८८) विद्यालय शिक्षामा जिवनोपयोगी व्यवहारिक ज्ञान सिकाउने शैक्षिक कार्यक्रमहरु आवद्ध गरिने छ । विद्यालय शिक्षा पुरा नगरेका किशोर किशोरीहरुलाई विद्यालय केन्द्रित व्यवसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ ।

(८९) शिक्षाको स्तर उन्नतीको लागि अंग्रेजी भाषालाई प्राथमिक्तामा राखेर अध्यापन गराइने छ । साथै आधारभुत तहमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउन चाहने विद्यालयको प्राथमिक तहका शिक्षकहरुलाई आवश्यक तालिमको प्रवन्ध मिलाइनेछ ।

(९०) पाठ्यक्रम विकास केन्द्र विकास केन्द्रसँग समन्वय गरि विद्यालयहरुमा विपद तथा उत्थानसिल सम्वन्धी कक्ष सञ्चालन गरिने छ भने सामुदायिक बिद्यालयका विज्ञानका विद्यार्थि र शिक्षकहरुलाई स्थानीय श्रोत साधनको सदुपयोग गरी विज्ञान सामाग्री निर्माण गर्न तालिम सञ्चालन गराईनेछ ।

(९१) विद्यालयमा विषयगत शिक्षक आवश्यकताको वारेमा समिति गठन गरिने छ भने विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणको व्यवस्था मिलाईनेछ । अनुगमन तथा सुपरीवेक्षण अवस्था अनुसार स्थलगत तथा विधुतीय माध्यामवाट गर्ने व्यवस्था मिलाइनेछ ।

(९२) गाउँपालिका क्षेत्र भित्र एवम् विद्यालय हाता भित्र छुवाछुत, बालश्रम र लैङिगक हिंसा एवं दुरव्यवहार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । यस्ता घटनाको रोकथाम र नियन्त्रणको लागि विद्यालयहरुमा गाउँपालिका मार्फत मनोसामाजिक मनोविर्मश कर्ताहरुबाट परामर्श सेवाको व्यवस्था गरिनेछ ।

(९३) विद्यालय र समुदाय बीच सहयोग, सहकार्य र साझेदारी निमार्ण गर्दै विद्यालय विकासका लागि **<u>हाम्रो विद्यालय राम्रो विद्यालय</u>** को रुपमा विकास गर्न सम्वन्धित निकायहरुलाइ जवाफदेही बनाइनेछ।

(९४) विद्यालय निमार्ण भई सञ्चालनमा रहेता पनि विद्यालयको स्वामीत्वमा नआएको जग्गा विद्यालयको नाममा पुर्जा लिने व्यवस्था मिलाइने छ । स्कुलको नाममा तथा सामुदायी वनको खाली जग्गाको उपयोग गरी विद्यालयलाई आत्मर्निभर वनाइने छ ।

(९५) लागुऔषध दुर्व्यसनी, बालविवाह, बहुविवाह, सम्बन्धी सचेतना मूलक कार्यक्रमहरु गाउँपालिकाको प्रत्येक विद्यालयहरुमा हप्तामा एक पटक डकुमेन्ट्री तथा सिकाई कक्षा मार्फत सञ्चालन गरिनेछ । साथै यस अभियानलाई प्रभावकारी बनाउन फ्लेक्स, ब्रोसर, सडक नाटक, लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(९६) १ विद्यालय १ खेल मैदान र एक विद्यालय एक बगैंचा कार्यक्रम सञ्चालन गरिने छ ।

(९७) विद्यार्थीलाई विभिन्न कारणले पर्ने मनोसामाजिक समस्यालाई समाधान गर्न गाउँपालिकाभित्र रहेका कक्षा ५ माथिका प्रत्येक विद्यालयमा हप्तामा एक घण्टी मनोसामाजिक मनोविमर्श कक्षा संचालन गरिने छ ।

(९८) विभिन्न क्षेत्रमा विद्यार्थीहरुलाई आर्कर्षित गर्ने र प्रतिभावान विद्यार्थीको प्रतिभा पहिचान तथा प्रस्फुटन गरी प्रतिभावान विद्यार्थीलाई सिकाईको अवसर प्रदान गर्न चित्रकला, नृत्य र संगितको शिक्षक व्यवस्था गरी सबै विद्यालयमा महिनाको एक दिन प्रशिक्षण गर्ने व्यवस्था गरिनेछ ।

(९९) किशोर किशोरी अवस्थामा आउने शारीरिक तथा मानसिक परिवर्तनलाई जानकारी गराउने र उक्त अवस्थाका किशोर किशोरीलाई सही बाटोतर्फ मार्ग निर्देश गर्न प्रत्येक माध्यमिक विद्यालयमा किशोर किशोरी शिक्षा सञ्चालन गरिनेछ ।

(१००) धार्चे गा.पा.को शिक्षा नीति अनुसार विद्यार्थी संख्या नपुगेका र माविको मापदण्ड पुरा गर्न नसक्ने विद्यालयहरुलाई मेगा स्कुलमा गाभिने छ र सो आवसिय मेगा स्कुलको छात्रावास भवन निर्माण गर्नको लागि रु. ५० लाख विनियोजन गरिने छ ।

**स्वस्थ्य र पोषणः**

(१०१) विश्वव्यापी कोरोना भाइरसको दोस्रो महामारीको रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था गरी सबै धार्चेवासीहरुको जीवन रक्षा गर्न गाउँपालिका प्रतिवद्ध छ ।

कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले संघ, प्रदेश सरकार तथा दातृनिकायहरुसँग निरन्तर समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(१०२) विश्व व्यापिरुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड –१९) को दोस्रो महामारी र आउन सक्ने तेस्रो लहर र अन्य स्वास्थ्यसँग सम्वन्धीत विपद तथा सक्रमणलाई मध्य नजर गर्दै अत्यन्त आवश्यक औषधी, सामाग्री लागि विशेष वजेटको व्यवस्थालाई निरन्तरता दिइने छ ।

(१०३) कोरोना भाइरसको नयाँ प्रकारको सक्रमणले महामारीकोरुपमा लिई जनस्वास्थ्यमा उत्पन्न जोखिम न्यूनीकरण गर्न गा.पा. केन्द्र माछीखोलामा आइसोलेसनमा आवश्यक व्यवस्थापन गर्ने र क्वारेन्टाइन स्थापना नभएका वडाहरुमा स्थापना गर्ने र भएका वडाहरुमा आवश्यक व्यवस्थापन गर्ने । कोरोना भाइरसबाट संक्रमित बिरामीको उपचारमा अक्सिजनको कमि हुन नदिन आइसोलेसन र क्वारेन्टाइन सेन्टरहरुमा अक्सिजन सिलिण्डर को व्यवस्थापन गरिनेछ ।

(१०४) कोरोना भाइरसको संङक्रमण जोखिम नियन्त्रण गर्न आवश्यकता अनुसार वडा तथा पालिकामा हेल्थ डेस्क संचालन गरिनेछ । कोरोना भाइरसबाट संक्रमित भई घरमा रहेका बिरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, परामर्श तथा उपचारको लागि घुम्ती सेवा, मनोसामाजिक परामर्श, आपतकालिन उपचार र अक्सिजन सहयोग लगायतका सेवा निःशुल्क उपलब्ध गर्ने व्यवस्था मिलाइने छ । गाउँपालिकामा रहेको सबै स्वास्थ्य चौकीहरु २४ घण्टै संचालन हुनेछ ।

(१०५) संङक्रमण जोखिम रहदा सम्म अशक्त, असहाय एवम् आर्थिक रुपले विपन्न घरपरिवार, गर्भवती महिला, जेष्ठ नागरिक तथा अपाङ्ता भएका व्यक्तिहरुका लागि राहातका कार्यक्रमहरु संचालन गरिनेछ । कोरोनाबाट सङ्क्रमित तथा प्रभावित व्यक्ति तथा उनीहरुका परिवार प्रति हुन सक्ने भेदभाव विरुद्ध गाउँपालिका भरि जनचेतना मुलक कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

(१०६) विश्व व्यापिरुपमा फैलिएको कोरोना भाइसर (कोभिड –१९) को महामारी प्रभावित भई स्वदेश तथा विदेशमा रही घर फर्किएका व्यक्तिहरुलाई फुङ्गी खोलामा वनाइएको मास क्वारीन्टीनमा राख्ने व्यवस्था गरिने छ भने गा.पा भित्रका संक्रमितहरुको व्यवस्थापनको लागि सम्वन्धित वडाहरुमा निर्माण भएको क्वारीन्टीन सेन्टरलाई प्रयोग गरिने छ ।

(१०७) धार्चेमा कोरोना भाइरसको संक्रमण फैलिन नदिन संघिय सरकारले लागु गरेको वन्दा वन्दीको पूर्ण पालना गर्दै ४ च् ९च्भअयचम, च्भअयनलष्शभ च्भनगबितभ बलम

cbभउयचतष्लन० को नीति कार्यान्वनको लगि टोल विकास समिति, स्वमसेवक दस्ताको परिचालन गरिने छ भने कोभिड १९ प्रतिकार्य योजना तथा कोभिड–१९ को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा सञ्चालन सम्वन्धि कार्यविधि, २०७७ को पूर्ण पालना गरिने छ । भने गाउँपालिका तथा वडामा कार्यरत सम्पुर्ण कर्मचारीहरु, स्वास्थ्य कर्मचारीहरु, एम्बुलेन्स चालकहरुलाई कोभिडको जोखिम कम गर्न आवश्यक स्वास्थ्य सामाग्रीहरु उपलब्ध गराइने छ ।

(१०८) कोभिड १९ संङक्रमण जोखिम नियन्त्रण गर्न गाउँपालिकाले सङघ र प्रदेश सरकारसँग समन्वय गरी मापदण्ड अनुसारको सबै धार्चे वासीहरुलाई खोप उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । सम्भावित जोखिममा परेका नागरिक तथा कर्मचारीहरुका लागि गाउँपालिकाबाट निःशुल्क पि.सि.आर.परिक्षणको व्यवस्था मिलाइने छ ।

(१०९) संक्रमण र सरुवा रोगको प्रेषणको व्यवस्था गर्न सम्वन्धित निकाय सँग समन्वय र सहकार्य गरी गाउँपालिकामा मौजुदा रहेको एम्वुलेन्समै अयचयलब ष्लाभअतभम विरामीलाई लाने र लैजाने कार्य गरीने छ भने कोरोना रोगको कारण मृत्यु भएकालाई व्यवस्थित विसर्जन गर्नको लागि शव वाहन र सुरक्षित स्थानको प्रवन्ध गरीने छ भने काजक्रिया खर्चको व्यवस्थापन गरिनेछ ।

(११०) स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय वनाउन स्वास्थ्यसँग सम्वन्धित नीतिगत व्यवस्था गरीनेछ, स्वास्थ्य क्षेत्रमा रहेको समस्यालाई सुदृढीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइ स्वास्थ्य सेवालाई पहुँच योग्य र गुणस्तरीय वनाउन न्युनतम स्वास्थ्य सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गरीनेछ।

(१११) संघीय सरकारले लिएको शुन्य होम डेलिभरी नीति अवलम्वन गर्दै गा.पा.अन्तगर्तका स्वास्थ्य चौकीहरुमा आधारभुत र आकस्मिक मातृ तथा नव शिशु स्याहार सेवालाई सुदृढीकरण गरी स्वस्थ्य सस्थामा सुत्केरी हुने प्रतिशतलाई वढाउने कार्यलाई निरन्तरता दिइने छ । यसको लागि हुल्चुक, लापु उहियामा थप वर्थिङ सेन्टर निर्माणको लागि आवश्यक वजेटको व्यवस्था र हाल कार्यरत नसिङ स्टाफ लाई थप SBA तालिम दिइने छ ।

(११२) धार्चे गा.पा. भौगोलिक रुपले अति विकट रहेकोले जटिलतामा रहेका गर्भवती, सुत्केरी र नवजात शिशु जीवन रक्षाको लागि हेलीवाट उद्धार गरी सुविधा सम्पन्न अस्पताल सम्म पुर्‍याउने प्रवन्ध मिलाइने छ । गर्भवती शिशु वालवालिका किशोरी र अपाङ्गता भएका व्यक्तिहरुको पोषण स्थितीमा सुधार ल्याउन नेपाल सरकार, विकास साझेदारहरुसँगको

सहकार्यमा साझेदारीमा वहुक्षेत्रिय पोषण सुधार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

(११३) पुर्ण खोपयुक्त गा.पा.कायम राख्न खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ । गा.पा.को १५ शैयाको अस्पताल निर्माण कार्यलाई छिटो सम्पन्न गरी सेवा सुचारु गराउन आवश्यक वजेट विनियोजनलाई निरन्तरता दिइने छ ।

(११४) विभिन्न रोग तथा महामारीको प्रभावबाट मानसिक रुपमा विक्षिप्त व्यक्ति, परिवार तथा समुदायलाई लक्षित गरि "एक वडा एक मनोविमर्शकर्ता" मार्फत मनोपरामर्श सेवा उपलब्ध गर्ने कार्यलाई संचालन गरिनेछ । तथा जनचेतना मुलक घुम्ति स्वास्थ्य शिविर सञ्चालन तथा आधारभुत औषधि निशुल्क वितरण कार्यक्रम, जोखिममा रहेका वर्गहरुलाई आवश्यक घुम्ति शिविर सञ्चालन गरिनेछ ।

(११५) संघीय सरकारको समन्वयमा सवै नागरीकलाई आगामी ३ वर्ष भित्रमा स्वास्थ्य विमा कार्यक्रममा आवद्व गरिनुका साथै कोरोना विमालाई पनि जनस्तर सम्म पु¥याइने कार्यलाई निरन्तरता दिइने छ ।

(११६) नसर्ने रोगको रोकथाम नियन्त्रण र व्यवस्थापनका लागि एकीकृत जनस्वास्थ्य प्रवद्र्वन कार्यक्रम संचालन गरीनेछ । तथा दीर्घ रोग (क्यान्सर, मुटुरोग, मृगौला रोग, सिकलसेल, एनिमिया, स्पाइनल इन्जुरी, पर्किन्सन, अल्जाइमर र हेड इन्जुरी) को उपचारको लागि अति गरीव विरामी उपचार कोष खडा गरी सहयोग कार्यलाई निरन्तरता दिइनेछ ।

(११७) आर्थिक अभावका कारण स्वास्थ्य सेवा तथा उपचार पाउन नसकेका अपाङ्ग, असहाय अशक्त, ज्येष्ठ नागरीक र विपन्न वर्गको उपचारको लागि प्रदान गर्दै आएको सुविधालाई निरन्तरता दिइनेछ ।

(११८) नागरिकहरुको स्वास्थ्यलाई विशेष ध्यानमा राखी प्राकृतिक चिकित्सा र योग अभ्यासलाई प्रार्थमिकता दिइनेछ, साथै मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम गैर सरकारी संघ संस्थासँग समन्वय गरी संचालन गरिनेछ ।

(११९) आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता लागि अत्यावश्यक औषधी स्वास्थ्य उपकरण तथा सामाग्री आपुर्तीको व्यवस्था मिलाइनेछ भने विरामी पर्दा स्वास्थ्य सस्थामा जाने प्रति व्यक्ति प्रतिशत वढाई ९० पु¥याइने छ ।

(१२०) धार्चे गाउँ पालिकाको प्रयासमा नेपाल परिवार व्यवस्थापनको नारालाई साकार पार्न IUCD/Vascetomy/Minilap, दाँत, आँखा, नाक कान घाँटी, पाठेघर खस्ने, प्रजनन स्वास्थ्य सम्वन्धी शिविर सञ्चालनको लागि विकास सझेदारहरुसँग सहकार्य गरिनेछ ।

(१२१) आवश्यक औषधीहरु तथा मेडिकल सामाग्री खरीद र व्यवस्थापनको लागि थप वजेटको व्यवस्था गरिने छ नागरिकहरुको स्वास्थ्यलाई विशेष ध्यानमा राखी प्राकृतिक चिकित्सा र योग अभ्यासलाई प्राथमिकता दिइनेछ, साथै मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम गैर सरकार संघ संस्थाहरुसँग समन्वय गरी सञ्चालन गरिनेछ ।

(१२२) आफ्नो बिरामी स्वास्थ्यलाई लगानी गर्नको सट्टा उल्टै धामी झाँक्री झिकाई उनीहरुको चित्त बुझाउने धार्चेको परम्परागत रुढीवादी संस्कृतिलाई परिमार्जन गर्न स्वास्थ्यकर्मि धामि झाँक्रि र अन्य आम समुदाय विच वडा लेवलमा जनचेतना, सडक नाटक, गोष्टि तथा स्यामोनिजम फेस्टीवल आयोजना गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

(१२३) मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन र घरमा शुन्य प्रसुती घोषणा अभियान कार्यक्रमलाई टेवा पुग्नको लागि आकस्मिक स्वास्थ्य उपचार कार्यक्रमलाई निरन्तरता गरिनेछ र स्तनपान कक्ष स्थापना सबै स्वास्थ्य चौकीमा गरिनेछ । स्वमसेविकाहरुले मेडिक मोवाइल सञ्चालन गरेवापत रु २०० को रिचार्ज गरिने नीति लिइने छ । उत्कृष्ट महिला स्वयमसेविकालाई स्वयम सेविका दिवको दिनमा पुरस्कृत गरिने छ ।

(१२४) पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवंम स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रवर्द्धन ,उत्पादन, प्रयोग र पहुँचलाई विस्तार अन्तर्गत पोषणयुक्त सातुलाई अनिवार्य प्रयोग गरिनेछ र स्वास्थ्य सस्थाहरुमा पोषण कर्नरको स्थापना गरिने छ।

**युवा तथा खेलकुदः**

(१२५) धार्चे गा.पा.को हालको वेरोजगारीको संख्या २.४% रहेकोमा उक्त संख्यालाई आगामी आवमा १% मा घटाउने लक्ष्यका साथ युवा उद्यमशिलता अभिवृद्धी गर्न रोजगारी सिर्जना गरी गाउँपालिकाको आर्थिक समृद्धि हासि गराइनेछ ।

(१२६) गाउँपालिकामा रहेको वेरोजगार तथा श्रमशक्तिको तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गरी सुचना प्रणालीमा राखिनेछ । युवाहरुको दक्षता, क्षमता अभिवृद्धि र उनिहरुको क्षमताको आधारमा उद्यमशीलता विकास, समाजिक कार्यमा संलग्न गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(१२७) खेलकुद पूर्वाधारको विकास मार्फत धार्चेमा लुकेर रहेको प्रतिभाहरुको उजागर गरी राष्ट्रिय तथा अन्तराट्रिय स्तरमा चिनाउने खेलाडीहरुको उत्पादनको लागि कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि गाउँपालिका स्तरीय १ रङ्गसाला निर्माण गरी धार्चेको लागि

खेलकुद, स्वास्थको लागि खेलकुदू भन्ने मुल नाराका साथ वार्षिक पालिका स्तरिय अध्यक्ष कप खेलकुद गतिविधिहरु सञ्चालन गरीनेछ ।

(१२८) युवाका समस्याहरुलाई वहसको रुपमा उठान गर्न नमुना युवा संसदको अभ्यास तथा युवा विकासका लागि नीति सम्वाद कार्यक्रम गरिने छ ।

(१३९) हाल धार्चे गाउँपालिकामा रहेका ३७६ जना प्राविधिक सिप युक्त दक्ष व्यक्तिहरु भएकोमा ०७८ साल सम्ममा ४२५ जना पु—याउने लक्ष्य लाई निरन्तरता दिइने छ । यसको निम्ति युवा उद्यमिहरुको सञ्जाल निर्माण गरी उद्यमीहरुको अनुभव आदान प्रदान तथा प्रोफाईल तयार गराईने छ।

(१४०) युवा तथा लक्षित वर्ग उद्यमशिल्ता विकास कोषलाई यो आ.व.मा पनि निरन्तरता दिइनेछ ।

(१४२) धार्चे गा.पा.को समग्र खेलकुद विकासको लागि कुल वजेटको ५ प्रतिशत विनियोजन गरिनेछ।

**लैससासः**

(१४३) लैससास निती अनुरुप वार्षिक निती तथा कार्यक्रम वनाइ लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गरिनेछ । योजना कार्यन्वन, अनुगमन, मूल्याङ्कनमा लैससासको अक्षरस पालना गरिनेछ र नेपाल सरकार पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौताको स्थानीय स्तरमै कार्यान्वयनको व्यवस्था गरिनेछ ।

(१४४) “हाम्रो भविष्यको पहिचान र आधार, बालबालिकाको अधिकार सहितको समग्र विकास” भन्ने नाराका साथ यस धार्चे गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न बालश्रम उन्मुलन तथा बालमैत्री गाउँपालिका निर्माणका लागि बाल विकास र संरक्षणमा सघाउ पुर्‍याउने कार्यक्रम संचालनको लागि कोषको व्यवस्था गरिनेछ । यस बर्ष गाउँपालिकालाई बालश्रम मुक्त गाउँपालिका घोषणा गरिने छ ।

(१४५) वालविवाहको अहिलेको अवस्थाको वारेमा तथ्याङ्क अध्यावधिक गरिने छ । यस्तो किसिमको विवाहले धेरै क्षेत्रमा नकरात्मक असर पार्ने भएकोले यसको अन्त्यको लागि विशेष कार्यक्रम (कानुनी सारक्षरता तथा स्वस्थ्य सम्वन्धी) सञ्चालनलाई निरन्तरता दिइने छ । कानुनले विवाह गर्ने तोकेको उमेर भन्दा अगाडि विवाह गर्ने व्यक्तिहरुको परिवारलाई राज्यले प्रदान गर्ने सेवा सुविधावाट वञ्चित गरिने छ ।

(१४६) पालिका स्तरीय एकल महिला, अपांगता लगाएतका वर्गहरुको सहयोगको लागि छुट्टा छुट्टै कोष स्थापना गरीने छ । जोखिममा रहेका समुदायलाई उपलव्ध राज्यका सेवा, सुविधा, नीति, कानुन र संवैधानिक व्यवस्था र पालिकाले उपलव्ध गराउने सेवा तथा सुविधाका सम्वन्धमा, लैंगिक तथा सामाजिक समावेशीकरणको वारे सचेतिकरण गरिनेछ ।

(१४७) गाउँपालिका भित्र रहेका अति विपन्न घरपरिवारलाई स्वरोजगार एवम् आयआर्जनको कार्यक्रम मार्फत गरिबी निवारणको गर्ने नीति लिइने छ ।

(१४८) महिला, दलित, सिमान्तकृत लक्षित समुदाय तथा अन्य घरेलु हिंसाबाट पिडित महिलाहरुलाई लक्षित गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै “उद्यमीसँग उपाध्यक्ष” कार्यक्रमको माध्यमबाट उनीहरुको जीवन स्तर उकास्ने गरी आर्थिक सशक्तिकरण गरिने छ भने वृद्धवृद्धाहरुको लागि न्यानो कार्यक्रम अन्तर्गत व्ल्याङ्केट तथा राष्ट्रिय प्रसारणलाईन पुगेका वस्तीहरुमा विजुली हिटर खरिद गरि वितरण गरिने छ ।

(१४९) गाउँपालिका क्षेत्र भित्र रहेका महिला, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको सशक्तिकरणमा विशेष जोड दिइनेछ । गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण महिलाको समग्र विकासका लागि एक परिवार कम्तीमा एक सदस्य रहने गरी गाउँपालिका क्षेत्रभरी महिला समूह गठन, परिचालन गरी महिलाको क्षमता विकास, सशक्तिकरण तथा संस्थागत विकास गर्ने नीति लिइने छ ।

(१५०) अपांगता भएका व्यक्तिहरुलाई समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालन गर्नको लागी कुल बजेटको ८ प्रतिशत रकम विनियोजन गरिने छ । अपांगता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन उनीहरुलाई आवश्यक पर्ने सहायता सामाग्रीको व्यवस्थापनमा विभिन्न सहयोगी व्यक्ति तथा संघ संस्थाहरुसँग सहकार्य तथा सहलगानीका लागि विशेष पहल गरिने छ ।

(१६०) सामाजमा विद्यमान रहेका हानिकारक अभ्यासहरु, कुरितीहरु र कुसंस्कृती जस्तै बालविवाह, बहुविवाहको अन्त्य गर्दे बालहिंसा, लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन विभिन्न सचेतना मुलक कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिने छ ।

(१६१) अवसरवाट वञ्चित नेतृत्वतहवाट टाढा, विकासको मुल प्रवाहमा आउन नसकेका वालवालिका एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका समुहलाई विकासको मुल प्रवाहिकरणमा समेट्ने नीति लिइनेछ । वञ्चितीकरण र भेदभावमा परेका वर्ग (महिलाहरु) को सशक्तीकरण गरी सामाजिक, आर्थिक विकासको मूल प्रवाहीकरणमा ल्याइनेछ ।

(१६२) सङ्कटासन्न बर्गको आयआर्जनका लागि शिप विकास तालिम सञ्चालन गर्न विकास साझेदारहरुसँगको सहकार्यमा सञ्चालन गरिने छ भने शिप सिकेका तथा जिविकोपार्जनका लागि सहयोग पाएकाहरुलाई समेटि सामुहिक व्यवसाय सञ्चालनको लागि आवश्यक अनुदान कोष व्यवस्थालाई निरन्तरता दिइनेछ ।

(१६३) गाउँपालिका भित्र रहेका दलित, जेष्ठ नागरिक, एकल महिला र फरक क्षमता भएका व्यक्तिहरुको लागि परिचय पत्र वितरणलाई निरन्तरता, सेवा प्रदानमा सहजता तथा अवसरमा समान पहुँचको सुनिश्चित गरिने छ । उनिहरुको हकहित तथा संरक्षणको लागि गा.पा.तथा वडा स्तरीय सञ्जाल निमार्ण तथा क्षमता विकास गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

(१६४) महिला तथा बालबालिकामाथि हुने घरेलु हिंसा, सार्बजनिक स्थानमा हुने हिसां, श्रमशोषण बालबिवाह, मानव बेच बिखन, शारीरिक तथा मानसिक यातना लगायतका सबै खालका हिसांको अन्त्य गरिनेछ । हिसां पीडित महिला तथा बालबालिकाको लागि मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानुनी उपचार जस्ता सेवा निःशुल्क उपलब्ध गराउदै लगिने व्यवस्था मिलाईने छ ।

(१६५) गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेसीकरण नीति अनुसार महिला तथा पछाडी परेका वर्गहरुको सशक्तिकरणको लागि नेतृत्व विकास, उद्यमशिलता र सीप विकासको साथै धार्चेको आह्वान नारीको उत्थान मुलभावका साथ “उपाध्यक्ष महिला उत्थान कार्यक्रम” सञ्चालन गरिनेछ।

(१६६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास गरी अवसरमा पहुँच, सम्मानपूर्ण जीवनको अनुभूति दिलाउने नीति लिइने छ ।

(१६७) महिलाबिरुद्ध हुने लैगिक हिंसा, अपांगता भएका व्यक्तिलाई हेर्ने समाजको नकारात्मक दृष्टिकोण, जातीय विभेदको आदीको अन्त्य गर्ने निती तय गरिने छ । साथै आवश्यक कार्यक्रमहरुको माध्यमबाट विकृतिको न्यूनिकरणमा जोड लिईने छ ।

**खानेपानी तथा सरसफाईः**

(१६८) खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार भएकोले स्वच्छ तथा सुरक्षित खानेपानीको सहज पहुँच सवै घर परिवारमा पु¥याउने र पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्ने अभियानका साथ सरसफाई गुरुयोजना अनुसार कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

(१६९) एक घर एक खाने पानी धारा नभएको ठाउँमा एक घर एक धारा खाने पानीको नीति लिनेछ, साथै सफा सुरक्षित खानेपानीको लागि Lab Test गरी शुद्ध पिउने पानीको व्यवस्थापन गर्नको लागि आवश्यक वजेटको व्यवस्थापन गरिने छ । वौद्ध हिमालवाट आएको पानीलाई प्रशोधन गरी वौद्ध हिमाल शुद्धजलको नामवाट व्राण्डीङको लागि तयारी ।
(१७०) सबै घरमा व्यवस्थित चर्पीको व्यवस्था गरिने छ भने चर्पी वनाउन नसक्ने अति विपन्न परिवारलाई अनुदानको व्यवस्था गरिने छ । पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न सरसफाइ अभियान, चेतना अभिवृद्धि फोहोर मैला विसर्जनको लागि वस्ती तथा वजारहरुमा वास्केट तथा कन्टेनरको व्यवस्था र सर्वाजनिक धारा अनि शौचालयको व्यवस्था गरिने छ ।
(१७१) वातावरणमैत्री गाउँपालिका निर्माणका लागि फोहोरमैला व्यवस्थापन गर्न डंम्पीङ साइड निर्माण कार्य अगाडी बढाइनेछ । साथै सार्वजनिक, निजी, साझेदारीमा सार्वजनिक स्थल सरसफाई, बाटो सरसफाई, प्लाष्टिकजन्य वस्तुको प्रयोगमा न्युनीकरण तथा निषेध गर्न सहकार्य, समन्वय र पारस्पारिक सहयोगका आधारमा कार्यक्रमहरु संचालन गरिनेछ ।

## ग, पूर्वाधार विकास तर्फ

(१७२) धार्चे गाउँपालिका जिल्ला सदरमुकाम देखि निकै टाढा र विकट भएकोले जिल्ला दररेट अनुसार योजनाका कार्यसञ्चालन र सम्पादन गर्न गाह्रो भएको अवस्थालाई मध्ये नजर गर्दै आफ्नै दररेट निर्धारण गरी लागु गर्ने नीति लिइने छ भने यसको लागि दररेट निर्धारण समिति गठन गरि कार्यन्वयन गरिनेछ।
(१७३) पूर्वाधार क्षेत्रको विकासको लागि अध्ययन गर्नु पर्ने र निमार्ण गर्नु पर्ने आवश्यक नीति, कार्ययोजनाहरु निमार्ण गर्न परामर्शदाता नियुक्ति गर्न आवश्यक वजेट विनियोजन गरिने छ ।
(१७४) यातायात पूर्वाधार विकासको मेरुदण्ड भएकोले यसको दिगो तथा उत्थानशिल, वातवरण मैत्री वनाउनको लागि यातायात गूरुयोजना वनाई सडक तथा वाटोहरुको निर्माण गरिनेछ ।
(१७५) आवधिक योजनाले सडक विकासमा लिएको लक्ष्य अनुसार वाह्रै महिना सञ्चालन हुने सडक निर्माणमा विशेष जोड दिइने छ भने नयाँ सडक निर्माण तथा सञ्जाल विकास गर्नको लागि प्रदेश तथा संघ सकारसँग सहकार्य गर्ने नीति लाई निरन्तरता दिइनेछ ।

(१७६) धार्चे गाउँपालिकाको प्रथम पञ्च वर्षीय योजनाले औल्याएका यातायात क्षेत्रगत योजनाहरुको योजना बैंक वनाई रणनीतिक तथा गाउँपालिका केन्द्रवाट सबै वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सर्वयाम सडक सञ्जालको विस्तार गर्ने नीति लिइनेछ । यो आ.व.मा स्याम्राङ—भिरकुना सडक, स्वारागाउँ देखि ठाँटी गाउँलाई सडक सञ्जाल निर्माण र माछीखोला— सिङला (भिसि थमन मार्ग), माछीखोला—लाप्राक जोड्ने कृषि सडकको लागि DPR गरिनेछ ।

(१७७) नयाँ ट्र्याक खोल्ने कार्यलाई दुरुत्साहन गर्दै मौजुदा (अधुरा) सडक सम्पन्न तथा स्तरोन्ती र नियमित मर्मत सम्भारको लागि वजेट व्यवस्थापन गरिनेछ । सडकको दीगो व्यवस्थापनका लागि सडक उपभोक्ता समिति तथा सडक मर्मत सम्भार कोष खडा गरी स्थानीय सडक यातायात शुल्क, सडक वोर्ड वाट प्राप्त रकम समेत यसमा जम्मा गरिने कार्यलाई निरन्तरता दिइने छ ।

(१७८) धार्चेको भुगोल अनुसार सडकको संम्रक्षणको लागि सडक दायाँ वायाँ फलफूल, अम्रिसो, डालेघाँस आदि लगाई वायो इन्जिनियरिङ गरि स्थानीय समुदायको आय आर्जन सँग आवद्ध गराइने छ।

(१७९) वैकल्पिक पर्यटन पद मार्ग निर्माण र सञ्चालित पद मार्गहरु तथा भूकम्प वाट क्षति भएका पदमार्गहरुको मापदण्ड अनुसार स्तरोन्नति र मर्मत सम्भार गरिनेछ ।

(१८०) पर्यटनको सम्भावित ठाउँहरुको पहिचान गरी पर्यटन वोर्ड, प्रदेश तथा अन्तर स्थानीय निकायसँगको सहकार्यमा पदमार्ग निर्माण गरिनेछ भने गा.पा.मा रहेको सम्पूर्ण काठेपुललाई आगामि ५ वर्ष भित्र विस्थापित गरि झोलुङ्गे पुल निर्माण तथा पुरानाको मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

(१८१) सडक सञ्जाल निर्माण गर्दा यातायातलाई आर्थिक प्रणाली सँग आवद्ध गरी पुर्वाधार र आर्थिक विकासलाई सँगसँगै लैजानका लागि कृषि उत्पादन र बजारीकरणलाई प्रार्थमिकतामा राखी सडकको विकास र विस्तार गर्दे लैजाने नीति अवलम्बन गरिने छ ।

**आवास, भवन तथा वस्ती विकास**

(१८२) धार्चे गा.पा.को केन्द्र माछीखोला वजारको रहेको महंगीलाई मध्ये नजर गरी दुर्गम क्षेत्रमा आई सुगमको तलव भत्तामा आफूलाई चित्त वुझाउनु पर्ने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधहरुको सुविधाको निम्ति कर्मचारी तथा जनप्रतिनिधि आवास गृह निर्माण गर्ने नीति लिइनेछ ।

(१८३) घर विहिन परिवारलाई आवसको सुनिश्चितता गरीनेछ, सङ्कटासन्न घर परिवारको आवस पुननिर्माणको लागि प्राधिकरण, गा.पा. र विकास साझेदारहरुसँगको सहकार्य अनुदानको व्यवस्था गरीनेछ।

(१८४) भवन तथा शहरीकरणलाई व्यवस्थित गर्न प्रकोप प्रतिरोधी संरचना निर्माण गरी जोखिम न्युनीकरण गर्न भवन आचार संहिता अनुसार कार्यान्वयन गरिने छ र नयाँ बन्ने निजी, सामुदायिक र सरकारी भवन निर्माण गर्दा नक्सापास अनिवार्य गरिनेछ ।

(१८५) गाउँपालिकाको केन्द्र माछीखोलामा सुविधा सम्पन्न सभाहल र कर्भड हल निर्माण गरिनेछ ।

(१८६) जोखिम युक्त वस्तीहरुको पहिचान तथा नक्साङ्कन गरि वस्ती विकास योजना वनाई लागु गरिने छ । छरिएर रहेका एवं जोखिममा परेका वस्तीहरुलाई एकीकृत बस्तीमा स्थानान्तरण गरी लापुवेसीलाई सेटेलाईट सिटीको रुपमा विकास गर्न DPR गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

(१८७) संघीय र प्रादेशिक सरकार र निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा विद्युत उत्पादनको थप संभाव्यता अध्ययन गरिने छ । थप विद्युत उत्पादन गर्नको लागि निजि क्षेत्रलाई लगानिको लागि उपयुक्त वातावरण सृजना गरिनेछ भने सञ्चालित माइक्रो हाइड्रोलाई पूर्ण क्षमतामा उपयोग गरिने छ ।

(१८८) गाउँपालिकाको सबै वडाहरुमा ठूला आयोजनाहरु सडक, खानेपानी, सिंचाई एवम् अन्य पूर्वाधार निर्माणमा DPR निर्माण गरि व्यवस्थित रुपमा कार्य संचालन गरिने छ । गाउँपालिकाबाट गरिने खरिद लगायतका कार्यहरु e-bidding मार्फत गरिने छ ।

(१८९) प्रविधिको प्रयोग बढेसँगै यस गाउँपालिकालाई पनि प्रविधिमैत्री बनाउन गाउँपालिकाका मुख्य मुख्य भौतिक संरचनाहरुको डिजिटल नक्शांकनको कार्य प्रारम्भ गरिनेछ । सडक अभिलेखिकरणको कार्यलाई जी.आई.एस.(भौगोलिक सूचना प्रणाली) सँग आवद्ध गरी अगाडी बढाइनेछ ।

(१९०) विद्यालय, सामुदायिक भवन र सरकारी भवन निर्माण गर्दा निर्माण हुने संरचनाहरु अपाङ्गमैत्री, बालमैत्री, लैंगिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिने छ ।

**घ, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ**

(१९१) २०७२ सालमा गएको महा भुकम्पको असर र वारम्वार गइ रहने पराकम्प, पहिरोलाई मध्ये नजर गर्दै जोखिम क्षेत्रहरुको अध्ययन गरी नक्साङ्कन गरिने छ भने अति जोखिममा परेको क्षेत्रहरुको पहिचान तथा पहिचान भएका वस्तीको स्थानान्तरण, एकीकृत

वस्ती विकासको लागि संघ, प्रदेश, अन्य स्थानीय निकाय, विकास साझेदारहरुसँग आवश्यक समवन्य गरीनेछ । उच्च जोखिममा रहेका क्षेत्रहरुलाई प्राथमिक्ताका आधारमा क्रमश व्यवस्थापन गर्दै लगिने छ ।

(१९२) सम्भावित दुर्घटना र जनको क्षती हुन नदिन प्रत्येक वडामा कम्तीमा एक हेली प्याड निर्माण गरिने छ भने आवश्यक्ता अनुसार वडाका बस्तीहरुमा थप हेली प्याड निर्माण गरिनेछ ।

(१९३) भुकम्पले धार्चे गा.पा.मा धेरै प्रभाव पारेकोले विपद जोखिमलाई मध्यनजर गरि यसलाई प्रभावकारी वनाउने विपद व्यवस्थापन कोषमा थप वजेट विनियोजन लाई निरन्तरता दिइनेछ ।

(१९४) गा.पा.स्तरिय आपत कालिन कार्य सञ्चालन केन्द्र निमार्ण गर्नको लागि आवश्यक वजेट विनियोजन गरिनेछ भने गा.पा. को विपद व्यवस्थापन नीति र विपद प्रतिकार्य योजना वनाई विपद व्यवस्थापन पूर्व तयारी, सामाग्री खरिद, विपद व्यवस्थापन समिती र कर्मचारीलाई तालिम दिइने छ

(१९५) जलवायु परिवर्तन यसको असर सम्बन्धी समुदाय स्तरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

(१९६) बिपदका दृष्टिले जोखिम क्षेत्रको पहिचान गरी बैज्ञानिक नक्शांकन र आधुनिक प्रविधिको प्रयोग गरी विपदको पूर्व सूचना प्रवाह गरी विपदबाट हुने क्षति न्यूनिकरण गरिनेछ । विपदबाट हुनसक्ने क्षतिको तत्काल उद्धार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति सामाग्री र श्रोतको व्यवस्थापन गरिनेछ ।

(१९६) उच्च जोखिममा रहेका क्षेत्र लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम संचालन गरी समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गरिनेछ ।

(१९७) डढेलो सल्काउने, खुला शिकार गर्ने, जडिबुटी चोरी गर्ने जस्ता अपराधि पत्तालगाई सुराकी गर्ने व्यक्तिलाई रु.१०,००० नगद पुरस्कार उपलब्ध गराइनेछ तथा उजुरीकर्ताको सम्पूर्ण विवरण गोप्य रुपमा राख्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइने छ ।

(१९८) व्याक टु नेचर नारामा आधारित एक घर एक करेसावारी तथा फलफूल, एक गाउँ एक बगंैचा, एक विद्यालय एक बगैंचा तयार गरि सुन्दर धार्चे निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

(१९९) विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा धार्चे गापालाई धुँवा तथा प्लाष्टिक मुक्त बनाउने अभियान सञ्चालन गरिने छ । साथै जलवायु परिवर्तनको असर न्यूनीकरण तथा

अनुकुलन सम्बन्धी जनचेतनाका लागि कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(२००) जलचरहरुको संक्षण र संवद्र्धन गरी पारिस्थितिकिय प्रणालीलाई संरक्षण गर्न पोखरी, नदी तथा खोलामा करेन्ट तथा विष प्रयोग गर्नेलाई आवश्यक कारवाही गरीनेछ ।

(२०१) पानीका मुहान, जलाधार क्षेत्र, जैविक विविधताको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिनेछ । कार्वन उत्सर्जन कटौती वापतका क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

(२०२) फोहरमैला संकलन, पून उपयोग, प्रशोधन र विसर्जन गरी सफा गाउँ शहर निर्माण नीति अबलम्बन गरिने छ । वनजंगल, वन्यजन्तु, ढुंगा, बालुवा गिट्टी, नदी, खोला, खानी आदी प्राकृतिक श्रोतहरुको उचित व्यवस्थापन गर्दे प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गर्दै अवैध रुपमा चोरी निकासी हुने गिटी वालुवालाई रोक्न आवश्यक कानुन तथा नीतिगत व्यवस्था गराइने छ ।

(२०३) वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणका लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई अझ सुदृढीकरण गरिनेछ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

(२०४) धार्चेको राष्ट्रिय तथा सामुदायिक वन उत्पादन हुने अति नै वहुमुल्य जडिवुटि वन लसुन, पाँच औंले जटामसि जस्ता जडिवुटिहरुको मुल्य दिनानु दिन आँकासीदो छ यहि विषयलाई मध्यनजर गरि लेक तथा खर्क भएका वडाहरुमा यसको व्यवसायिक खेति विस्तार गर्न ४ वटा सेल्टर निमार्ण गर्नको लागि आवश्यक वजेट विनियोजना गरिने छ ।

(२०५) माछीखोला र वुढीगण्डकी नदिले माछीखोलामा रहेको वस्ती र निमार्ण गरिएको संरचनामा क्षेति पुर्‍याएको र कुनै पनि समयमा वुढीगण्डकीमा रहेको झोलुङ्गे पुल र वस्ती वगाउने खतरा रहेकोले माछीखोला र वुढीगण्डकी नदीमा चेक ड्याम र तट्वन्धनको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

(२०६) रुवीनाला क्षेत्रमा कस्तुरी फारमीङ मार्फत प्रजनन गराई विना उत्पादन गर्ने कार्यलाई आवश्यक वजेट विनियोजन गरिने छ ।

## ङ, संस्थागत तथा सुशासन विकास तर्फ

(२०७) प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, जवाफदेहि प्रशासनिक शुसाशनको पूर्ण अभ्यास गर्दै समृद्ध धार्चे निर्माण गर्नको लागि कर्मचारी तथा जनप्रतिनीधिहरुलाई क्षमता अभिवृद्धि गर्दै सेवा प्रवाहलाई प्रभावकारी वनाइने छ ।

(२०८) गाउँपालिकाको कार्यालय भित्र रहेको सुचना केन्द्रको सुदृढीकरण गरी गाउँपालिकावासीलाई सूचनाको पहुँचमा अभिवृद्धि गरिनेछ । भने सबै वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई थप सूचना प्रविधिमैत्री बनाइनेछ । गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई थप प्रभावकारी, चुस्त र पारदर्शी बनाइने छ ।

(२०९) क्षमता विकास योजना वनाई सबै कर्मचारीहरुलाई सेवाकालीन तालीम उपलब्ध गराइनेछ, विषयगतरुपमा आबश्यक तालिम, अभिमुखीकरण, अध्ययन भ्रमण आदि जस्ता क्षमता विकास कार्यकालागि बजेट विनियोजन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

(२१०) इन्फरमेसन टेक्नोलोजिले संसारलाई जति नजिक बनाए पनि धार्चे गा.पा.मा यस्ता पुस्ताहरु छन जसलाई मोवाईल चलाउन आउदैन, रेडियोमा आएको समाचार बुझ्दैनन् ती पुस्ताहरुको निम्ति परम्परा देखि चलि आएको सूचना सम्प्रेशण गराउन कटुवाल प्रथा (ग्यावो) लाई निरन्तरता दिनको लागि एक वडा एक कटुवाललाई पारिश्रमिक दिने कार्यक्रमलाई निरन्तता दिईने छ ।

(२११) गापाले लिएको डिजिटल धार्चे भन्ने नीति सफल वनाउनको लागि योजना सप्mटवोएर, सेटेलाइट, एक्मीलेवल, ड्रोन लगाएत अतिआवश्कीय उपकरणहरु तथा साधनहरु गरिद गरिनेछ भने जनप्रतिनिधि तथा कर्मचारी हरुलाई सुचना प्रविधिमा जानकार तथा अभ्यस्त वनाउनको लागि आधारभुत कम्प्युटर तालिम सञ्चालन गरिने छ ।

(२१२) सुचनाको हक सम्बन्धी ऐनका बारेमा गाउँपालिकावासीलाई सुसूचित गरिनेछ । साथै गाउँपालिकाबाट भएका विकास गतिविधिहरुलाई स्थानीय एफ.एम., पत्रपत्रिका तथा सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(२१३) धार्चे गा.पा.को प्रवर्द्धन, कार्यसम्पादन लगाएत सम्पुर्ण गतिविधि समेट्ने गरि धार्चे आवाजलाई अनलाईन पत्रिकाको रुपमा दर्ता गरि सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरिने छ ।

(२१४) गाउँपालिका अन्तर्गत कार्यरत स्थानीय तहका स्थायी, अस्थायी एवं करार सेवामा कार्यरत कर्मचारीहरुको सेवाको आर्थिक सुरक्षा एवं स्थायित्वको निम्ति कर्मचारी कल्याण

कोषलाई निरन्तरता दिइ कर्मचारी तथा जन प्रतिनीधीहरुको सामुहिक दुघर्टना विमा गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

(२१५) सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण लगायतका सार्वजनिक उत्तर दायित्वका औजारहरुको प्रयोग गरी जवाफदेही शासन प्रणालीको स्थापना गरिनेछ ।

(२१६) नागरिक बडापत्र प्रति संम्पूर्ण सेवाग्राही र कर्मचारीको ज्ञान अभिवृद्धि गरी सोको व्यवहारिक प्रयोग गर्ने, साथै क्षतीपूर्ती सहित नागरिक बडापत्रको व्यवहारिक कार्यान्वयन गरिनेछ ।

(२१७) गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत शाखा प्रमुख, वडा कार्यालय, स्वास्थ्य संस्था प्रमखसँग कार्य सम्पादन सम्झौता गरी आर्थिक वर्षको अन्त्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरिनेछ ।

(२१८) गाउँपालिकाले सम्पन्न गरी सकेका संस्थागत स्वमूल्यांकन तथा लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् तयार गरिएको कार्य योजनाहरुलाई प्रभावकारी कार्यान्वयन गर्दे लैजाने नीति लिइने छ ।

(२१९) गाउँपालिकाको सेवा प्रवाहको गुणस्तरलाई थप प्रभावकारी बनाउन सो बारेमा समिक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरुको चौमासिक प्रगति समिक्षा बैठक संचालन गरिने छ।

(२२०) गाउँपालिका तथा वडाको काम कारवाहीलाई अझ बढि प्रभावकारी र व्यवस्थित बनाउन अनुगमन तथा मूल्यांकन प्रणालीलाई सूचकमा आधारित बनाई संस्थागत गर्ने प्रभावकारी रुपमा लागु गरिनेछ । विषयगत शिर्षक अन्तर्गत वडा अन्तर्गत विनीयोजने भएका योजना कार्यन्वयन गर्दा गा.पा.को सम्वन्धीत शाखाको परामर्श लिएर सञ्चालन गरिने छ ।

(२२१) गाउँपालिकाको पारदर्शिता एवम् सुशासनका लागि गाउँपालिकाको आम्दानी तथा खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै गाउँपालिका विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(२२२) गाउँपालिकाले सम्पादन गरेको कार्यको संबन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने, सेवा प्रवाहलाई सहज बनाउन प्रत्येक वडामा एकिकृत घुम्ती सेवा संचालन गरिनेछ । आम नागरिकलाई सूचनामा सहज पहुँच सृजना गर्न गाउँपालिकाको सम्पूर्ण विषयगत सूचनाहरु गाउँपालिकाको वेभसाइटमा अद्यावधिक गर्ने ।

(२२३) नागरिकलाई आवश्यक सुचना तथा सेवामा सहज पहुंच पु¥याउनका लागि (सहजिकरण गर्न) गाउँ कार्यपालिकाको कार्यालयमा नागरिक सहायता कक्ष स्थापना गर्दै लगिने छ भने सेवा प्रवाहको गुणस्तरका वारेमा सेवाग्राहीको गुनासो, सुझाव, प्रतिक्रिया आदि समयमा थाहा पाउनका लागि टेलीफोन, सामाजिक सञ्जाल, सुझाव पेटिका जस्ता प्रविधिहरुको प्रयोगलाई निरन्तरता दिइने छ ।

(२२४) गाउँपालिका तथा वडाहरुवाट सम्पादन हुने कार्यहरु तथा सेवा प्रवाहलाई वढी प्रभावकारी, मितव्ययी तथा आन्तरिक नियन्त्रण व्यवस्था मजवुत वनाउन र कार्य जिम्मेवारीमा थप प्रष्टता ल्याई कार्य सम्पादनमा थप प्रभावकारिता ल्याउन कर्मचारी, विषयगत संयोजकहरुको कार्य जिम्मेवारी वनाइ लागु गरिनेछ ।

(२२५) संगठन तथा प्रशासन सम्वन्धी आवश्यक कानुन तथ नीतिगत व्यवस्था गरि नियमितरुमा विषयगत शाखा, वियषयगत संयोजक, अध्यक्ष, उपाध्यक्षसँगको वैठक (मासिक र चौमासिक) रुपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(२२६) भौगलिक अवस्थालाई मध्यनजर गर्दै नागरिकता, जेष्ट नागरिक, एकल महिला परिचयपत्र तथा अन्य सुविधा प्रदान गर्नको लागि वडागतरुपमा शिविर सञ्चालन गरि सेवा र सुचना प्रविधी मार्फत नागरिकलाई सहज र सुलभ रुपमा सार्वजनिक सेवामा पहुँच पु¥याने कार्यलाई निरन्तरता दिइनेछ ।

(२२७) अन्य स्थानीय निकायले सम्पादन गरेको नमुना विकासका मोडेलको अध्ययन भ्रमण गरी सिकाइ कार्यन्वयन गर्नको लागि अध्ययन अवलोकन भ्रमण तथा अनुसन्धानमुलक कार्य संञ्चालनको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

(२२८) आन्तरीक राजस्व सुधार कार्ययोजना अनुसार करको दायरा र दरहरुको अक्षरस पालना गरिनेछ भने अहिले सम्म करको दायरामा नआएका व्यवसायी, व्यक्ति तथा फर्महरुलाई अनिवार्य करको दायरामा ल्याइनेछ ।

(२२९) सवै भन्दा धेरै राजस्व संकलन गर्ने वडा र कर्मचारीलाई विशेष पुरस्कारको व्यवस्थ गरिनेछ भने सवै भन्दा धेरै कर तिर्ने व्यक्ति–फर्मलाई कार्यबिधि बनाई ५० प्रतिशत कर छुटको व्यवस्था गरिनेछ । विभिन्न आधारमा छुट्याइने वडागत वजेट एउटा महत्वपूर्ण आधार राजस्व संकलन र वडाको कार्यसम्पादनलाई आधारमानि वार्षिक वजेट विनीयोजन गरिने छ ।

(२३०) खरिद गुरुयोजना अनुसार वार्षिक खरिद योजना वनाई खरिद प्रत्रिलयालाई अगाडि वढाइने छ भने योजना कार्यन्वयनको लागि वार्षिक योजना वनाइ लागु गरिनेछ । साथै मलेप प्रतिवेदनले औल्याएको वेरुजुलाई अन्त्य गर्दै लगिने कार्यलाई निरन्तरता दिइनेछ ।

(२३१) धार्चे गाउँपालिकाको प्रोफाललाई सम्भव भए सम्म वार्षिकरुपमा अध्यवधिक गरिदै लगिने छ भने संकलित तथ्याङ्क प्रत्येक घर धुरी सहितको व्यक्तिगत विवरण) विद्युतिय प्रणालीमा राखिने छ ।

(२३२) आगामी आ.व. भित्र गा.पा.को प्रशासनिक भवन निर्माण सम्पन्न भई आफ्नै भवनमा कार्यालय सञ्चालन गर्ने व्यवस्था मिलाइने छ साथै बिषयगत शाखाहरुको सुदृढिकरण गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ ।

(२३३) धार्चे गा.पा.कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन सेवाग्राही प्रतिक्षालय, सहायता कक्ष, र सोधपुछ कक्षको व्यवस्था मिलाइनेछ ।

(२३४) प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यन्वयन गर्नको लागि हामि सवैको साथ सहयोग र जिम्मेवारीवाट मात्र सम्भव छ । यि नीति तथा कार्यक्रमको कार्यान्वनवाट उच्चदरको आर्थिक वृद्धि हाँसिल हुनेछ, कोरोना भइरसको महामारीको असर न्युन गर्दै आर्थिक सामाजिक क्षेत्रमा थप गतिशील हुनेछ, पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ, सुन्दर सुरक्षित समृद्ध धार्चे निर्माणको लक्ष्य पूरा गर्न योग्दान पुग्नेछ भने यी नीति तथा कार्यक्रमको कार्यन्वयनमा धार्चे गाउँपालिकालाई सवैवाट सकारात्मक र सकृय सहयोग हुने विश्वास व्यक्त गर्दछु । अन्त्यमा, मुलुकको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्र सेवक, नीजि, सहकारी, सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगाएत सम्पूर्ण दिदी वहिनी तथा दाजुभाईहरु, धार्चेको विकासमा सहयोग पुर्‍याउने विकास साझेदारहरु र गैर आवसिय नेपाली समुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

।। जय धार्चे ।।

**प्रस्तुतकर्ता**

सन्त बहादुर गुरुङ

अध्यक्ष, धार्चे गा.पा., गोरखा ।

**मुख्य आयोजना कार्यक्रमहरुको विवरण तथा अनुमानित व्यय र श्रोत व्यवस्थापन**

**२.३. अनुमानित व्यय र श्रोत व्यवस्थापन :**

आन्तरिक आय, संघ तथा प्रदेश सरकारबाट हुने वित्तिय हस्तान्तरण, राजस्व बाँडफाँड, ऋण आदि ।

| क्र. सं. | विवरण | रकम |
|---|---|---|
| १ | संघीय सरकार वित्तीय समानीकरण | ९,३६,००,००० |
| २ | संघीय सरकार शसर्त अनुदान | १४,८१,००,००० |
| ३ | संघीय सरकार विशेष अनुदान | ० |
| ४ | संघीय सरकार समपुरक अनुदान | ० |
| ५ | संघीय सरकार राजश्व बाँडफाँड | ७,५३,०७,००० |
| ६ | प्रदेश सरकार वित्तीय समानीकरण | १,०५,०८,००० |
| ७ | प्रदेश सरकार विशेष अनुदान | ३०,००,००० |
| ८ | प्रदेश सरकार समपुरक अनुदान | ७०,००,००० |
| ९ | प्रदेश सरकार राजश्व बाँडफाँड | ४९,८५,००० |
| १० | बेरुजु असुली | ० |
| ११ | आन्तरीक आम्दानी | ३०,००,००० |
| १२ | अल्याह | १०,००,००,००० |
| **जम्मा** | | **४४,५५,००,०००** |

## खण्ड ३ : वार्षिक विकास कार्यक्रम ( आ.व. २०७८।०७९)

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | जम्मा (रु. हजारमा) |
|---|---|---|---|---|
| ८०४३६५०५१०१ धार्चे गाउँपालिका | | | | |
| १ | पारिश्रमिक कर्मचारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | १,६०,०० |
| २ | पोशाक कर्मचारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११२१ | ३,०० |
| ३ | स्थानीय भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३१ | ८,०० |
| ४ | महंगी भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३२ | ८,०० |
| ५ | कर्मचारीको बैठक भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३४ | ४,०० |
| ६ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३५ | १,०० |
| ७ | अन्य भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३९ | ६,०० |
| ८ | पदाधिकारी बैठक भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४१ | ३,०० |
| ९ | पदाधिकारी अन्य सुबिधा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४२ | ४९,८५ |
| १० | पदाधिकारीअन्य सुबिधा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४२ | ५,०९ |
| ११ | पदाधिकारीअन्य सुबिधा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४२ | ४५,०६ |
| १२ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१२१२ | १०,०० |
| १३ | कर्मचारी कल्याण कोष | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१२१४ | १५,०० |
| १४ | पानी तथा बिजुली | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२१११ | १,०० |

| | | | | |
|---|---|---|---|---|
| १५ | पानी तथा बिजुली | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२१११ | १,०० |
| १६ | संचार महसुल | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२११२ | २,०० |
| १७ | संचार महसुल | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२११२ | १२,०८ |
| १८ | इन्धन (पदाधिकारी) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२११ | ५,०० |
| १९ | इन्धन (कार्यालय प्रयोजन) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१२ | ९,०० |
| २० | इन्धन (कार्यालय प्रयोजन) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१२ | १,०० |
| २१ | सवारी साधन मर्मत खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१३ | २०,०० |
| २२ | बिमा तथा नवीकरण खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१४ | ४,०० |
| २३ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२२१ | २,०० |
| २४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२२१ | २,४२ |
| २५ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | २,०० |
| २६ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | ४०,०० |
| २७ | इन्धन - अन्य प्रयोजन | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१४ | २,०० |
